नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

# कारोबार

karobar
1st National Economic Daily

वर्ष १५, अंक २६७ । राष्ट्रिय संस्करण । नेपाल संवत् ११४४ । शुक्रबार, ९ कात्तिक २०८१ । FRIDAY, 25 OCTOBER 2024 । पृष्ठ ८ । मूल्य १० रुपैयाँ karobardaily.com



नयाँ ग्राहक बन्नु परेमा
ठेगाना परिवर्तन भएमा ।
अन्य कुनै सुझाव भएमा ।
०१-४८१९५०००
९८०११६८८६५


## कालीगण्डकी जलविद्युत आयोजना बनाउन दुई खर्ब २४ अर्ब लाग्ने अनुमान

**लक्ष्मीप्रसाद सापकोटा**

पर्वत- पर्वतको विहादीमा निर्माण हुने ६ सय ४० मेगावाट क्षमताको बहुउद्देश्यीय कालीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना निर्माणका लागि दुई खर्ब २४ अर्ब रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ।

उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको विद्युत विकास विभागको प्रस्तावमा तयार पारिएको वातावरण प्रभाव मूल्यांकन (ईआईए) को मस्यौदामा आयोजना बनाउन उक्त लागत लाग्ने उल्लेख छ । विभागको प्रस्तावमा जेभि स्मिक इन्टरनेशनल प्रालि अस्ट्रेलिया र जेड कन्सल्ट प्रालि काठमाडौंले यो आयोजनाको इआईएको काम गरिरहेका छन् ।

पर्वतको विहादी गाउँपालिकामा निर्माण हुने परियोजनाको अहिले वातावरणीय प्रभाव मूल्यांकनको काम अन्तिम चरणमा पुगेको छ। आयोजना निर्माणका बारेमा बुधबार पर्वत सदरमुकाम कुश्मा बजारमा भएको सार्वजनिक सुनुवाईमा आयोजनाको कुल लागत, यसले ओगट्ने क्षेत्रफल, प्रभावित क्षेत्र लगायतका बारेमा संक्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको हो ।



प्रतिवेदनअनुसार चार जिल्लाका ३२ वडा प्रभावित हुनेछन् । पर्वत, बागलुङ, स्याङ्जा र गुल्मीका सात वटा पालिका यसका प्रभावित क्षेत्र हुनेछन् ।

आयोजनामा चार वटा फ्रान्सिस टर्बाइन हुनेछन् भने दुईवटा टेलरेश निर्माण गरिने छ। आयोजना समुद्री सतहदेखि ५ सय ७० मिटरको उचाइमा निर्माण हुनेछ। यो आयोजनामा डाइभर्सन टनेल दुईवटा, बाँधको उचाइ २ सय ४४ मिटर र सात सय ६० मिटर चौडाई हुने प्रतिवेदनमा उल्लेख गरिएको छ। आयोजना निर्माणपछि पर्वतको विहादीदेखि जलजला गाउँपालिकाको खनियाँघाटसम्म करिब २९ किलोमिटर लामो जलाशय निर्माण हुनेछ।

आयोजनावाट वार्षिक एक सय ६३ करोड युनिट विद्युत उत्पादन हुने अनुमान गरिएको छ । यसबाट वार्षिक १५ अर्ब आम्दानी गर्न सकिने प्रतिवेदन निर्माणकर्ता वातावरण विज्ञ खडक महतराले जानकारी दिए । उनका अनुसार उक्त आयोजना प्राविधिक, आर्थिक र वातावरणीय हिसाबले सम्भव देखिएको छ। शुरुमा आठ सय ४४ मेगावाट निर्माण हुने सर्भेक्षण गरिएको भए पनि पछिल्लो प्रतिवेदनले ६ सय ४४.३९ मेगावाट उत्पादन हुने सुनिश्चित भएको हो।

आयोजना निर्माणपछि प्रभावित क्षेत्रका चार सय ३६ घरपरिवार विस्थापित हुने भएका छन् । यो आयोजनाको बाँध, पावरहाउस, टेलरेस, टनेल, डाइभर्सन, आउटलेट लगायतका संरचना निर्माणका लागि एक हजार ८ सय ९० हेक्टर जग्गा आवश्यक पर्ने वातावरण विज्ञ महताले जानकारी दिए। उनका अनुसार जसमध्ये ८ सय ३ हेक्टर निजी र एक हजार ८२ हेक्टर वन क्षेत्र पर्नेछ भने अन्य राजमार्ग र महत्वपूर्ण सडक पर्ने उल्लेख गरिएको छ।

बहुउद्देश्यीय परियोजनाको रुपमा अघि बढेको यो आयोजना शुरु भएपछि यस क्षेत्रका स्थानीय दुई हजार पाँच सय जनाले रोजगारीको अवसर पाउने भएका छन् भने स्थानीय श्रोतको उपयोग, विद्युतीकरण, रोयल्टी तथा शेयरको उपलब्धता, पर्यटन, मनोरञ्जन, विकास तथा भौतिक पूर्वाधार निर्माण जस्ता सकारात्मक प्रभाव पर्नेछन् । आयोजनाबाट केही नकारात्मक असर पर्ने पनि प्रतिवेदनमा उल्लेख छ। यसअनुसार वायु, ध्वनी र पानी प्रदूषण, सामुदायिक स्वास्थ्य र सुरक्षाको जोखिम, हरितगृह ग्यास उत्सर्जनमा प्रभाव पर्ने देखिएको छ।

कालीगण्डकी धार्मिक एवम् पौराणिक हिसाबले समेत महत्वपूर्ण रहेकाले नदी किनारमा रहेका मोदीवेणी, जैमिनी लगायतका प्रशिद्ध धाम तथा विभिन्न घाटहरु समेत डुबानमा पर्ने भएका छन्। प्रतिवेदनमा तिनीहरुको उचित स्थानान्तरण तथा व्यस्थापन गरिने उल्लेख गरिएको छ। त्यसैगरी १० मेगावाटको तल्लो मोदी-१ जलविद्युत आयोजना, एक दशमलव पाँच मेगावाटको ठेउलेखोला र तल्लो ठेउलेखोला, बञ्जिजम्प, जिपलाइन तथा पुष्पलाल मध्यहाडी र कालीगण्डकी करिडोरको केहि भागमा समेत प्रभाव पर्ने भएको छ।

सार्वजनिक सुनुवाईमा सहभागी यस क्षेत्रका नागरिकहरुले कालीगण्डकीको सभ्यतालाई असर नपर्ने गरी र यहाँ रहेका पौराणिक र ऐतिहासिक स्थलहरुलाई प्रभावित नगर्ने गरी निर्माण गर्न सुझाव दिएका छन् । पर्वतको कुश्मा नगरपालिकाका ११ वटा वडा, फलेवास नगरपालिकाका ६ वटा वडा, विहादी गाउँपालिकाका २, जलजला गाउँपालिकाको वडा नं. ८, बागलुङ नगरपालिकाका ६ वटा वडा, जैमिनि नगरपालिकाका चारवटा वडा र गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिका वडा नं. ६ र स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका वडा नं. ५ र ६ का बासिन्दाबीच सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो।

विद्युत विकास विभागका इन्जिनियर सुनिल पौडेलका अनुसार २०७६ चैत ५ गतेदेखि आयोजनाको वातावरणीय मूल्यांकनको काम शुरु भएको थियो । प्रतिवेदन अनुसार उक्त लगानी नेपालले मात्र गर्न सक्ने अवस्था देखिएको छैन । यसका लागि वैदेशिक लगानीकर्ता र नागरिकको सहभागिता समेत जुटाउनुपर्ने उनको भनाइ छ। यहाँ उत्पादित विद्युत २२० केभी क्षमताको कुश्मा-बुटवल प्रशारणलाइनमा जोडिने भएको छ।

नेपालकै अन्य जलाशययुक्त जलविद्युत आयोजनाभन्दा सस्तो र कम क्षति पुऱ्याउने उक्त आयोजना देशकै नमुना हुने र पर्यटकीय हिसाबले समेत निकै ठूलो फड्को मार्नेमा विश्वास लिइएको फलेवास नगरपालिकाका पूर्वप्रमुख पदमपाणि शर्माले बताए।

## औद्योगिक क्षेत्रमा औषत उपलब्धि

**सरकारको सय दिन**

**सरस्वती ढकाल**

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार गठनको एक सय दिनमा उत्साहजनक उपलब्धि हासिल भएको दाबी गरिरहे पनि औद्योगिक क्षेत्रमा आशातीत उपलब्धि प्राप्त भएको देखिँदैन।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक गरेको विवरणमा समेत औषत उपलब्धि मात्र समावेश छन् । औद्योगिक क्षेत्रमा देखिएका समस्या र चुनौतीका कारण अपेक्षित उपलब्धि हासिल हुन नसके पनि सय दिनमा मन्त्रालयले आशा जगाउन सफल भएको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी बताउँछन् । 'उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा केही समस्या तथा चुनौतीहरु अवश्य पनि छन् र हामी तिनको समाधानमा हरतरहले लागिरहेका छौं,' भण्डारीले भने, 'वर्तमान सरकार गठन भएपछिको पहिलो एक सय दिनमा मन्त्रालयको अग्रसरता, समन्वय र सहजीकरणमा आपूर्ति व्यवस्थापनलाई सहज बनाउन, उपभोक्ता हित संरक्षण, औद्योगिक पूर्वाधार निर्माण, बैदेशिक लगानी तथा व्यापार सहजीकरण र उद्यमशीलता प्रवर्द्धनको क्षेत्रमा प्रगति हासिल भएको छ।'

मन्त्रालयले उद्योग विभागमा १ सय ९९ वटा नयाँ उद्योग दर्ता भई ३३ अर्ब ६८ करोड लगानीको प्रतिवद्धता प्राप्त भएको तथा स्टार्टअप उद्यमीको वित्तीय पहुँच बढाउन सहुलियतपूर्ण कर्जा प्रवाह कार्यक्रम अघि बढाइएकोलाई उपलब्धिका रुपमा उल्लेख गरेको छ। चालु आवमा स्टार्टअप कार्यक्रम सञ्चालन गर्न १ अर्ब विनियोजन गरिएको छ भने योस कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्दा ५ हजार १५८ वटा प्रस्ताव परेको छ। हाल यसको मूल्यांकन भइरहेको मन्त्रालयले जनाएको छ। पुष्पकमल दाहाल नेतृत्वको यसअघिको सरकारकै पालामा मन्त्री भण्डारीबाटै उद्घाटन भएको ५० करोडसम्मको प्रत्यक्ष वैदेशिक लगानी स्वचालित मार्गबाट स्वीकृत गर्ने कार्य प्रारम्भ भएको विषयलाई यो सरकारको सय दिनको उपलब्धिमा उल्लेख गरिएको छ । यसबाट लगानी सहजीकरण हुनुको साथै लगानीकर्ताको समय र लागत घट्ने विश्वास लिइएको छ।

मन्त्रालयले कम्पनी रजिष्ट्रारको कार्यालयमा पूर्ण रुपमा स्वचालित प्रणालीबाट कम्पनी दर्ता गर्ने कार्य सुरु हुनुलाई उपलब्धिका रुपमा उल्लेख गरेको छ । गत भदौमा अदालतको आदेशले केही दिन रोकिएको यो व्यवस्था हाल पुनः कार्यान्वयनमा छ। यता औद्योगिक पूर्वाधारतर्फको प्रगति पनि नगण्य देखिएको छ । मन्त्रालयका अनुसार कञ्चनपुरको दोधारा चाँदनीमा भारतीय सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाह निर्माणका लागि जग्गा प्रयोग र रुख कटानका निमित्त मन्त्रिपरिषद्बाट स्वीकृत प्राप्त भई निर्माण प्रक्रिया अगाडि बढेको छ। यस्तै, भैरहवा विशेष आर्थिक क्षेत्रमा १० वटा उद्योगलाई उद्योग स्थापना गर्न प्लट (जग्गा) अनुमति प्रदान गरिएको छ भने सिमरा विशेष आर्थिक क्षेत्रमा १५ वटा उद्योगलाई उद्योग स्थापना गर्न प्लट अनुमति प्रदान गरिएको छ।

नयाँ सरकार गठनसँगै लघु, घरेलु तथा साना उद्योग नीति, सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोगसम्बन्धी निर्देशिका, औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि र निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भएका छन्। यस्तै, कच्चा पदार्थ खपतसम्बन्धी मापदण्ड, करार तथा उप करारमा वस्तु उत्पादनसम्बन्धी मापदण्ड लागु भएका छन् । सरकारले यसबीचमा वस्तु, सेवा र प्रक्रियाको गुणस्तर निर्धारण गर्ने संस्थाहरुको कामको स्तर निर्धारण तथा प्रमाणीकरण गर्ने उद्देश्यले नेपाल एक्रिडिटेसन सेन्टर स्थापना भई सञ्चालनमा आएको जनाएको छ । निजी क्षेत्रको तालुकदार मन्त्रालय भए पनि उद्योग मन्त्रालयले निजी क्षेत्रलाई विश्वासमा लिने र समस्या सुल्झाउने काम भने गर्न सकेको देखिँदैन। सीमित अधिकार र कार्यक्षेत्रका कारण उद्योग मन्त्रालयलाई निजी क्षेत्रले पनि प्राथमिकता दिएको पाइँदैन । उनीहरु आफ्ना माग लिएर सिधै प्रधानमन्त्री र अर्थमन्त्रीसम्म पुग्दै आएका छन् भने राष्ट्र बैंकका गभर्नर लगायतलाई बढी प्राथमिकता दिने गरेको पाइन्छ।

### कारोबार जनमत

*साताको प्रश्न*

*सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ पर्नुलाई के भन्नुहुन्छ ?*

*१ सरकारको नचाहिँदो प्रतिशोध*
*२ कानुनअनुसार कारबाही गर्न*
*३ मिलेमतो छ, देखाउन मात्र*

आगामी आइतबारसम्म मत राख्नुहोस्

## उपचार खर्च लिने श्रमिकको मृत्यु भए १० लाख पाउने

**गोपाल संग्रौला**

काठमाडौं- वैदेशिक रोजगारीका क्रममा औषधी उपचार खर्च लिएपछि मृत्यु भएका श्रमिकले समेत १० लाख आर्थिक सहयोग पाउने भएका छन् ।

सरकारले वैदेशिक रोजगारीमा मृत्यु भएकाहरुको परिवारलाई दिँदै आएको सहायता रकम १० लाख पुऱ्याएसँगै कल्याणकारी कोषबाट उपचार खर्च लिएर मृत्यु भएका श्रमिकलाई समेत आर्थिक सहयोग दिइने भएको हो । वैदेशिक रोजगार बोर्डका निर्देशक टीकाराम ढकालले वैदेशिक रोजगार नियमावलीमा व्यवस्था गरिएको उपचार खर्च लिएर पनि उपचार सम्भव नभएर मृत्यु भएमा श्रमिक परिवारले १० लाख पाउने भएको बताए। वैदेशिक रोजगारीका क्रममा काम गर्दा घाइते र बिरामी भएर उपचार गर्ने मध्ये धेरै श्रमिकको मृत्यु हुने गरेको छ। यसरी उपचारका क्रममा मृत्यु भएकाले आर्थिक सहायता नपाउने नियमावलीमा उल्लेख थियो। अब भने उपचारका क्रममा मृत्यु भएका श्रमिकका परिवारले पनि सहायता रकम १० लाख पाउनेछन् । बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो १०० दिनको कार्यप्रगति प्रस्तुत गर्दै वैदेशिक रोजगारीका क्रममा बिरामी उपचार खर्च पाएर मृत्यु भएकाहरुले क्षतिपूर्ति नपाउने यसअघिको व्यवस्थाको सट्टा उनीहरुको परिवारलाई पनि १० लाख उपलब्ध गराउने व्यवस्था गरिएको जानकारी दिएका थिए।




**श्रमिकलाई १३ करोड आर्थिक सहयोग**

चालु आर्थिक वर्षको ३ महिनामा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका २१७ श्रमिकलाई १३ करोड ४३ लाख आर्थिक सहायता वितरण गरिएको छ।

श्रमस्वीकृति लिएर रोजगारीमा गएका श्रमिकको स्वदेश तथा विदेशमा मृत्यु भएमा ७ लाख रुपैयाँ आर्थिक सहायता दिनुपर्ने कानुनी व्यवस्था अनुसार सो रकम दिइएको हो। यो रकम १० लाख बनाउने निर्णय भइसके पनि कार्यन्वयन भएको छैन।

यसैगरी १२६ जना श्रमिक श्रम गन्तव्यमा अंगभंग हुँदा ४ करोड ८ रुपैयाँ आर्थिक सहायता प्रदान गरिएको निर्देशक ढकालले जानकारी दिए। यसैगरी यो अवधिमा विदेशमा मृत्यु भएका २१७ युवाको शव गृहजिल्ला ढुवानी गर्दा ५८ लाख रुपैयाँ खर्च भएको छ।

(बाँकी पृष्ठ २ मा)

### साताको सेयर

## किन कमजोर बन्दैछ लगानीकर्ताको मनोबल ?

**परिवर्तन देवकोटा**

काठमाडौं- यो साता सेयर बजार २९ अर्ब ९५ करोड रुपैयाँ कारोबार रकमसहित ११८ अंकले घटेको छ। नेप्से परिसूचक ४.३१ प्रतिशतले घटेर २६२७ बिन्दुमा बन्द भएको छ। यो साता बजार हरेक दिन औसत कारोबार रकम ६ अर्बको साथ २४ अंकले घटेको देखिन्छ।

गत आइतबार नेप्से परिसूचक २६९७.९१ विन्दुमा रहेकोमा सोमबार २६३९.९२ विन्दुमा झर्‍यो । मंगलबार २६६५.८१ विन्दुमा पुगेर बुधबार २६४५.४० विन्दुमा झर्‍यो । बिहीबार पनि गिरावटले निरन्तरता पायो । बिहीबार परिसूचक घटेर २६२७.१४ विन्दुमा ओर्लियो । आइतबार ४२ खर्ब ८९ अर्ब ९४ करोड रुपैयाँ कुल पुँजीकरण रहेकोमा बिहीबार घटेर ४१ खर्ब ७७ खर्ब ४१ करोड रुपैयाँ कायम भएको छ।

पछिल्लो समय सेयर बजारका लागि सूचकहरू अनुकूल रहे पनि लगानीकर्ताको आत्मविश्वास बढ्न सकिरहेको छैन । बजारले हरेक बहानालाई एकपछि अर्को गर्दै नकारेको छ। बैंक-वित्तीय संस्थाहरुले मुनाफा बढाएको वित्तीय अवस्था सार्वजनिक गरेका छन्। यद्यपि बजारले रिपोर्टलाई नकारेको छ। यसले गर्दा लगानीकर्तामा अन्योल बढेको छ । बैंकको घट्दो ब्याजदर, अधिक तरलताले पनि सूचक सकारात्मक बनाउन सकेको छैन। लगानीकर्ता हरेक दिनजसो निराश बन्न पुगेका छन्।




पछिल्लो समय बैंकको ब्याजदर निकै तल्लो विन्दुमा आएको छ । सूचीकृत कम्पनीहरूले धमाधम लाभांश घोषणा गर्न थालेका छन् । यो कारण अबका दिनमा सेयर बजारमा सकारात्मक प्रभाव पर्नुपर्ने भए पनि त्यस्तो देखिएको छैन । लगानीकर्ताहरू यी कुराहरूले तानिएका छैनन् । उनीहरूले लगानीका लागि उपयुक्त समय अझै नभेटेको जानकारहरू बताउँछन् । अहिले लगानीकर्ताका लागि द्विविधा मात्रै रहेको उनीहरूको बुझाइ छ।

सेयर बजारका प्राविधिक विश्लेषक सुवासचन्द्र ढुंगानाका अनुसार अघिल्लो ३ हप्ता लगातार बढेको बजार फिबो ५० प्रतिशत लेभल २७४५ आसपासमा पुगेर करेक्सन सुरु भएको थियो । 'अब करेक्सन जारि नै रहँदा हेर्नुपर्ने लेभल भनेको फिबो ५० प्रतिशत लेभल हो जुन भनेको २६०० आसपासको एरिया हो,' ढुंगानाले भने । उनका अनुसार जुन एरिया साप्ताहिक पाइभोट र मिडल बोलिन्जर ब्याण्डको बिन्दु पनि भएकोले यहाँ खरिदकर्ताहरु हाबी हुन सक्ने देखिन्छ। दैनिक आरसआइ ५० भन्दा तल तर साप्ताहिक भन्दा माथि नै भएकोले छोटो समयको लागि बजार बियरिसमा रहे पनि अलि लामो समयको लागि बुलिशमै छ भन्ने बुझिने उनले बताए।

(बाँकी पृष्ठ २ मा)




# गोदावरी फूल मेला सुरु




काठमाडौं (कास)- फ्लोरिकल्चर एशोसिएसन (फ्यान) ले १७ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी २०८१ सुरु गरेको छ। 'रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने नाराको साथ गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी बिहीबारबाट जावलाखेलमा सुरु भएको हो। उक्त मेला कार्तिक ११ सम्म सञ्चालन हुनेछ।

फ्यानले पुष्प व्यवसायको व्यावसायिक विकास र विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्यले विगत लामो वर्षदेखि लगातार रूपमा पुष्प मेला आयोजना गर्दै आएको छ। तिहार नजिकिँदै गर्दा घर आँगन बगैँचा सजाउन तथा स्वागत सत्कारमा विशेष प्रयोग हुने फूलको सहज उपलब्धता गराउन, गोदावरी फूलको व्यावसायिक प्रवर्द्धन गर्न, समय अनुकूल पुष्पको जातिय विकास एवं गुणस्तरीय उत्पादनमा सहयोग पुर्‍याउनका लागि यस किसिमका कार्यक्रमहरू आयोजना गर्ने गरेका फ्यानले जनाएको छ। प्रदर्शनीमा व्यावसायिक स्टल- ६८, प्रतियोगितात्मक स्टल- २, अफिसियल स्टल-४ र फोटो पारखीहरूका लागि सेल्फी स्टल- १ गरी ७५ वटा प्रदर्शनी कक्षहरू रहेका छन्।

प्रदर्शनी गोदावरी फूलको प्रतिस्पर्धात्मक प्रदर्शनी समेत रहेकोले गोदावरी फूलको विविध विधामा प्रतिस्पर्धा गराई पुरस्कृत गरिने कार्यक्रमलाई पनि निरन्तरता दिइने आयोजकको भनाइ छ।

यसअन्तर्गत प्रदर्शनीमा सहभागी नर्सरीले उत्पादन गरेको गोदावरी फूलको ५ वटा प्रजातिमा प्रतिस्पर्धा गराइने आयोजकले जनाकारी दिए। प्रतिस्पर्धा हुने गोदावरीको प्रजातिहरूमा मिनियचर, स्पाईडर, रिफ्लेक्स, ईन्कर्भ र गोदावरीको कट फ्लावर प्रजाति रहने छ। साथै, मेलामा सहभागी भएका नर्सरी व्यवसायीहरूलाई उत्साह थप्नका लागि उत्कृष्ट स्टलतर्फ पनि प्रतिस्पर्धा गराइने आयोजकको भनाइ छ।

समग्र प्रतिस्पर्धामा प्रथम, दोस्रो, तेस्रो तथा विधागत उत्कृष्ट हुने नर्सरीलाई शिल्ड, नगद तथा प्रमाण पत्रद्वारा पुरस्कृत गरिने छ। मेलामा नेपालमा व्यवसायीक रुपमा उत्पादन हुँदै आएको विविध जातका गोदावरी फूल बिरुवाहरूको साथै यस वर्ष भित्रिएका गोदावरी फूलको केही नयाँ प्रजातीका फूल बिरुवाहरूको समेत प्रदर्शनी तथा बिक्री वितरण हुनेछन्।

मेलाबाट पुष्प व्यवसाय सञ्चालन गर्न चाहने, घर आँगन तथा बगैंचा सजाउन चाहने, फूल बिरुवाप्रति अभिरुची राख्ने, यस सम्बन्धी ज्ञान हासिल गर्न चाहने सबैंको निम्ति उपयोगी हुने आयोजकको भनाइ छ।

### १० लक्ष्यमध्ये ८ पूरा

# बीपी राजमार्गको पुनर्निर्माण गर्न ७ अर्ब लाग्ने

**कारोबार संवाददाता**



काठमाडौं- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सय दिनमा लिएका १० लक्ष्यहरूमध्ये ८ वटा लक्ष्य पूरा गरेको जनाएको छ। बिहीबार सय दिन पुगेको अवसरमा मन्त्रालयमा पत्रकार सम्मेलन गरी यसबारेमा जानकारी गराइएको हो। पत्रकार सम्मेलनका क्रममा बोल्दै मन्त्री देवेन्द्र दाहालले विपद्का कारण सिर्जित अवस्थाले पुनर्निर्माण र पुनःस्थापनामा लाग्नुपर्ने भएकाले दुई वटा लक्ष्य पूरा हुन नसकेको बताए। उनले वर्षा अवधि भर राष्ट्रिय राजमार्गमा अवरोध भएकोमा विशेष अवस्था बाहेक बाढीमा २ घण्टाभित्र अवरोध हटाइ सवारी सुचारु गर्ने व्यवस्था मिलाउने, देशका निर्माणाधीन बाहेकका प्रमुख राजमार्गहरू अन्तर्गत ४०३८ कि.मि. लम्बाइमा प्रथम चरणको पट्के मर्मत कार्य सम्पन्न गरी खान्डाखुल्डी रहित बनाउने कार्य सम्पन्न गरिसकेको बताए।

राष्ट्रिय राजमार्ग (हुलाकी राजमार्ग, मदन भण्डारी, तमोर कोरिडोर) मा थप २५ किमी (१२ लेन), १५ किमी (४ लेन) गरी कुल ३० किमी कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको उनको भनाइ छ।

सिद्धबाबा सुरुङअन्तर्गत थप २४० मिटर मुख्य सुरुङ्ग खन्ने कार्य सम्पन्न गर्ने र नागढुंगा सुरुङको निर्माण कार्यअन्तर्गत मुख्य सुरुङ मार्गको साइनिङ्ग गर्ने कार्य सम्पन्न भएको छ।। मन्त्रालयले बर्दिबास चोचा रेलमार्ग खण्डमा ३ वटा रेल पुल निर्माण सम्पन्न गरेको, सवारी चालक अनुमति पत्रको राजस्व भौचर, क्युआर कोर्ड र फोटोसहित पेपर कार्डमा उपलब्ध गराउन सहजीकरण गरिएको, चालक अनुमतिपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाएको बताएको छ।

मन्त्रालयले सय दिनको अवधिमा पानीजहाज सञ्चालन सम्बन्धी विधेयक संघीय संसदमा पेस गर्ने, विभिन्न मुलुकहरूमा पानी जहाजमा काम गर्दै गरेका नेपालीहरूको तथ्यांक संकलनको लागि एक वेब एप्लिकेशनको लागि सम्झौता गर्ने काम भएको पनि जनाएको छ। मन्त्रालयले सवारी चालक अनुमतिपत्र नागरिक एपबाट देखाउन मिल्ने र ट्राफिक भ्वाइलेशन रेकार्ड सिस्टममार्फत इ-चलान (डिजिटल चिट) काट्न मिल्ने गरी विभागको प्रणालीलाई ट्राफिक प्रहरीबाट सञ्चालन गरेको बताएको छ। सय दिनको अवधिमा थप ३४ हजार ७०४ सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) छपाई भइ कुल ३७ लाख २६ हजार ३ सय ५९ सवारी चालक अनुमति पत्र छपाइ वितरण भएको बताइएको छ।

मन्त्री दाहालले ट्याक्सीको रूपमा प्रयोग हुने सवारीको राष्ट्रिय मापदण्डको प्रारम्भिक मस्यौदा तयार गरेको र इम्बोस्ड नम्बर प्लेट जडानसम्बन्धी कार्यविधिको प्रारम्भिक मस्यौदा तयार भएको बताए।

**७ अर्ब रुपैयाँ लाग्ने अनुमान**

बीपी राजमार्गको बगाएको १२ किलोमिटर सडक पुनर्निर्माण गर्न ७ अर्ब रुपैयाँ लाग्ने मन्त्रालयले जनाएको छ। बाढिले बाटो सबै बगाएको र आधारभूत जग नै पुनर्निर्माण गरेर सडक बनाउनु पर्ने भएकाले धेरै लागनी लाग्ने देखिएको मन्त्रालयले जनाएको हो।

सडक विभागका महानिर्देशक रामहरि पोखरेलका अनुसार जगदेखि नै सडक बनाउनु पर्ने भएकोले लागत धेरै लाग्ने देखिन्छ। उनले भने,'करिब १२ किमी बढी सडक बगाएको छ। सो क्षेत्रमा जगदेखिनै सडक निर्माण गर्नु पर्ने भएकाले धेरै बजेट लाग्ने देखिन्छ।' सरकारले भने जापानी सहयोग नियोग (जाईका)लाई सडक पुनर्निर्माण गर्न आग्रह गर्दै आएको छ। सरकारको आग्रहमा सडक पुनर्निर्माणका लागि जापान तयार देखिएको हो। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालका लागि जापानका राजदूत किकुता युताकालाई गत साता भेटेर सडक पुनर्निर्माणमा सहयोग गर्न आग्रह गरेका थिए।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सडक पुनर्निर्माणका लागि गरेको आग्रहलाई सकारात्मक रुपमा लिएको बताए। उनले भने,'जाइकाले नै पहिले यो सडक निर्माण गरेर हामीलाई हस्तान्तरण गरेको हो। यसकारण पनि उनीहरू सकरात्मक छन्। थप अध्ययनको लागि जापानी टोली अध्ययन गर्न आउने भएको छ।'


**राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.** ...तपाईंको आफ्नै बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

## राष्ट्रिय वाणिज्य बैंक लि.

केन्द्रीय कार्यालय

मिति २०८१/०६/३० मा २०८१ कार्तिक ०१ (17th October 2024) देखि लागु हुने गरि प्रकाशित गरिएको यस बैंकको निक्षेपको ब्याजदरमा देहाय बमोजिम सुधार गरिएको जानकारीको लागी अनुरोध छ ।

| निक्षेप प्रकारहरु (Deposit Products) | न्यूनतम मौज्दात (Minimum Balance Requirement) | ब्याजदर प्रतिशतमा % |
|---|---|---|
| **मुद्धती निक्षेप (स्वदेशी मुद्रामा)** | | |
| **साधारण मुद्धती निक्षेप** | | |
| व्यक्तिगत: १ वर्ष देखी २ वर्षसम्म | रु. ५००० | व्यक्तिगत ५.०० |
| व्यक्तिगत: २ वर्ष देखी ३ वर्षसम्म | रु. ५००० | व्यक्तिगत ६.०० |
| व्यक्तिगत: ३ वर्ष भन्दा माथि | रु. ५००० | व्यक्तिगत ६.०० |
| **रा.बा.बैंक विशेष मुद्धती निक्षेप** | | |
| व्यक्तिगत: १ वर्ष देखी २ वर्षसम्म | रु. ५००० | व्यक्तिगत ५.०० |
| व्यक्तिगत: २ वर्ष देखी ३ वर्षसम्म | रु. ५००० | व्यक्तिगत ६.०० |
| व्यक्तिगत: ३ वर्ष भन्दा माथि | रु. ५००० | व्यक्तिगत ६.०० |
| **रा.बा.बैंक रेमिटान्स मुद्धती निक्षेप (३ महिना देखि ५ वर्षसम्म)** | रु. १० हजार | ७.०० |
| **रा.बा बैंक मुद्धती निक्षेप (राष्ट्रिय गौरब आयोजना प्रभावितहरुका लागि मात्र) ३ महिना देखि २ वर्षसम्म** | रु. ५००० | ६.०० |
| **कर्मचारी बिमा/खजान्ची जमानत** | | ७.०० |


## नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | रू. १६०।०० | रू.१६०।१५ |
| अमेरिकी डलर | १ को | रू. १३४.२३ | रू. १३४.८३ |
| युरो | १ को | रू. १४४.९० | रू. १४५.५५ |
| पाउण्ड स्टर्लिङ्ग | १ को | रू. १७४.१३ | रू. १७४.९१ |
| स्विस फ्रैन्क | १ को | रू. १५५.०८ | रू. १५५.७७ |
| अष्ट्रेलियन डलर | १ को | रू. ८९.३३ | रू. ८९.७३ |
| क्यानाडियन डलर | १ को | रू. ९७.१२ | रू. ९७.५६ |
| सिंगापुर डलर | १ को | रू. १०१.७३ | रू. १०२.१८ |
| जापानी येन | १० को | रू. ८.८४ | रू. ८.८५ |
| चिनियाँ युआन | १ को | रू. १८.८७ | रू. १८.९५ |
| साउदी अरब रियाल | १ को | रू. ३५.७४ | रू. ३५.९० |
| कतारी रियाल | १ को | रू. ३६.८२ | रू. ३६.९८ |
| थाई भाट | १ को | रू. ३.९९ | रू. ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रू. ३६.५४ | रू. ३६.७१ |
| मलेशियन रिंगिट | १ को | रू. ३०.८७ | रू. ३१.०१ |
| दक्षिण कोरियन वन | १०० को | रू. ९.७३ | रू. ९.७८ |
| स्विडिस क्रोनर | १ को | रू. १२.६९ | रू. १२.७५ |
| डेनिस क्रोनर | १ को | रू. १९.४२ | रू. १९.५१ |
| हङ्कङ्ग डलर | १ को | रू. १७.२७ | रू. १७.३५ |
| कुवेती दिनार | १ को | रू. ४३८.१२ | रू. ४४०.०८ |
| बहराइन दिनार | १ को | रू. ३५६.०० | रू. ३५७.५९ |

# नेपाल–चीनबारे जानकारी दिन वृत्तचित्र प्रदर्शनी

काठमाडौं (कास)- युवा पुस्तामा नेपाल-चीनबीचको सम्बन्धबारे जानकारी दिन काठमाडौंमा वृत्तचित्र प्रदर्शनी आयोजना गरिएको छ।

नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७५औं वर्ष भएको अवसरमा चिनियाँ मिडिया ग्रुप नेपाली विभागले बिहीबार वृतचित्र प्रदर्शनी आयोजना गरेको हो।

दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउन सांस्कृतिक आदान-प्रदानअन्तर्गत वृत्तचित्र कार्यक्रम आयोजना गरिएको जनाइएको छ। नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको अगस्ट १ गते ७५ वर्ष पूरा भएको छ। विगतदेखि वर्तमानसम्म नेपाल-चीनबीचको सम्बन्ध बन्दै, विकसित हुँदै आएको मुद्दालाई वृत्तचित्रमा समेटिएको छ।

> दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउन सांस्कृतिक आदान-प्रदानअन्तर्गत वृत्तचित्र कार्यक्रम आयोजना गरिएको जनाइएको छ। नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको अगस्ट १ गते ७५ वर्ष पूरा भएको छ।

काठमाडौंको एम्बिसन एकेडेमीका विद्यार्थीलाई वृत्तचित्र प्रदर्शनीमा सहभागी गराएर नेपाल-चीनको जीवनयापन खानपान शैली तथा दुई देशको प्राकृतिक समानतालाई देखाइएको छ। दुई देशबीचको खानपान शैली तथा प्राकृतिक जिवजन्तुका रहनसहनका समानतालाई वृत्तचित्रमार्फत समेटिएको चिनियाँ रेडियो इन्टरनेसनलका पत्रकार तथा चीनका जानकार चेतनाथ आचार्यले बताए। उनले भने, 'दुई देशको सम्बन्धलाई प्रकृति र जिवजन्तुका जीवन शैलीका माध्यमबाट युवापुस्तामा देखाँउन खोजिएको छ। यसले नेपाल-चीनबीचको सम्बन्धलाई जीवत्तराख्न र युवापुस्तामा जानकारी दिन खोजिएको छ।'

युवापुस्तामा चीन र नेपाललाई जडिबुटी, वनस्पति जिवजन्तुदेखि मानिसका जीवनशैली समान छ भनेर जानकारी प्रदान गरेको छ।

**उपचार...**

यसैगरी वैदेशिक रोजगारीमा रहेका श्रमिकको नजिकका ८८ जना नातेदारलाई लागेको ५ प्रकारका संवेदनशिल रोगको उपचारका लागि ४१ लाख रुपैयाँ वितरण गरिएको बोर्डले जनाएको छ।

गत आवमा १ हजार ३४६ नेपालीले विदेशी भूमिमा रोजगारीकै क्रममा ज्यान गुमाउँदा उनीहरुका आफन्तलाई वैदेशिक रोजगार बोर्डले ७० करोड आर्थिक सहयोग गरेको थियो। यो रकम अंगभंग, बिरामी तथा शव व्यवस्थापन खर्च बाहेकको हो। गत आवमा वैदेशिक रोजगारीको सिलसिलामा ४१ महिलासहित १ हजार ३०५ नेपाली श्रमिकको मृत्यु भएको छ। अघिल्लो आर्थिक वर्ष विदेशमा मृत्यु भएर आर्थिक सहायता लिनेको संख्या १ हजार २०८ थियो। अघिल्लो आवको तुलनामा गत आवमा विदेशमा मृत्यु हुने नेपालीको संख्या १३८ जनाले बढेको छ। बोर्डका निर्देशक ढकालले वैदेशिक रोजगारीमा रहेका युवाका लागि प्रदान गरिँदै आएको विभिन्न ७ प्रकारका कल्याणकारी सहयोगका लागि बोर्डले गत आवमा ९८ करोड हाराहारीमा आर्थिक सहयोग गरेको बताए।

**किन...**

पछिल्लो समयको राजनीतिक घटनाक्रमले पनि लगानीकर्ताको मनोविज्ञान खस्किएको जानकारहरू बताउँछन्। एकातिर सरकार फेरबदल हुन सक्ने हल्ला त अर्कोतिर पूर्व गृहमन्त्री तथा रास्वपा सभापति रवि लामिछाने पक्राउ लगायतका घटनाले पनि राजनीति तरंगित बनेको छ। जसको चपेटामा लगानीकर्ता परेको जानकारहरू बताउँछन्। अहिले लामिछानेको पक्षमा आन्दोलन हुँदै आइरहेको छ, जसले पनि सेयर बजारलाई प्रभाव पारिरहेको देखिन्छ। यस्तै राजनीतिक अस्थिरताको संकेत र हल्लाले पनि अहिले बजार घट्नमा माहोल बनाइरहेको सेयर बजारका जानकार महेश रिजाल बताउँछन्। उनले राजनीतिक अस्थिरता स्थिरतामा परिवर्तन नभएमा बजार माथि उठ्न गाह्रो हुने बताए। उनले भने, 'सेयर बजार माथि उठ्नका लागि राजनीतिक स्थायित्व कायम हुने सुनिश्चितता हुनुपर्छ।'

अहिले केन्द्रीय बैंकले चालु आवको मौद्रिक नीतिमाथि पहिलो समीक्षा सार्वजनिक गर्ने तयारी गरिरहेको छ। सो समीक्षालाई पनि लगानीकर्ताले पर्खिरहेको उनले बताए। सेयर बजारमैत्री नीतिहरू समीक्षामार्फत ल्याइन्छ भन्ने विश्वासमा लगानीकर्ता बसेको उनको भनाइ छ। बैंकहरुलाई कर्जा प्रवाहमा सहजीकरण, बैंक र अन्य संस्थागत लगानीकर्तालाई बजारमा कारोबार गर्न बाटो खुल्ला गरिएमा बजारमा लगानीकर्ताको मनोबल फेरि उकासिने जानकारहरू बताउँछन्। सरकारले पनि सेयर बजारलाई प्राथमिकता दिएर नीतिहरू ल्याउनुपर्नेमा उनीहरूले जोड दिएका छन्।


**IGI PRUDENTIAL INSURANCE LIMITED** सुरक्षाको पूर्वाधार, भविष्यको आधार

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं। फोन नम्बर: ४५११५१०, ४५११५२०, Email: info@igiprudential.com I Web: www.igiprudential.com

## आन्तरिक सजावट (Interior Decoration) सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

यस कम्पनीको का.म.न.पा. वडा नं. ३ पानीपोखरी, काठमाण्डौं स्थित जग्गामा निर्माणाधिन केन्द्रीय कार्यालय भवनमा Interior Decoration सम्बन्धी कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको निर्माण कार्य गर्न योग्य फर्म वा कम्पनीबाट देहाय बमोजिमको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ। देहाय बमोजिमको शर्त पूरा गरी शिलबन्दी बोलपत्र प्रक्रियामा भाग लिन सकिनेछ।

**मापदण्डहरु:**

१. फर्म वा कम्पनी (एकल वा संयुक्त JV) विशुद्ध रुपमा आन्तरिक सजावट Interior Decoration सम्बन्धी कार्यमा संलग्न भएको हुनुपर्नेछ।
२. रू. १० करोड सम्मको तीन परियोजनाहरु (Commercial Project) पुरा गरेको अनुभव हुनुपर्नेछ। उक्त परियोजना ६ महिना भित्र सम्पन्न गरेको प्रमाण पेश गरेको हुनुपर्नेछ।
३. विगत तीन वर्षमा औसत रु. २० करोडको व्यवसायिक कारोवार गरेको हुनुपर्नेछ।
४. Interior Design सम्बन्धी कार्यमा कम्तिमा पनि ५ वर्षको कार्य गरेको अनुभव हुनुपर्नेछ ।
५. फर्म वा कम्पनीले कार्यको समयतालीका र कार्य समाप्त गर्ने समयावधि स्पष्ट तोक्नुपर्नेछ।

**शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु::**

१. माथि उल्लेखित अनुभव सहितको कम्पनीको विवरण प्रमाणित गर्ने कागजातहरु,
२. कम्पनी दर्ता प्रमाणपत्र,
३. विगत तीन आ.ब. को कर चुक्ता प्रमाणपत्र,
४. विगत तीन आ.ब.को वार्षिक प्रतिवेदन (आर्थिक विवरण)।
५. फर्म वा कम्पनी कालोसूचीमा नरहेको।

**शर्तहरू:**

१) बोलपत्र फाराम रू. ६,०००।- (अक्षरेपी छ हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस कम्पनीको सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००१०००१२६२ मा जम्मा गरेको सक्कल भौचर पेश गरी मिति २०८१ कार्तिक २९ गते २:०० बजे भित्रमा यस कम्पनीको नारायणचौर, नक्साल स्थित केन्द्रीय कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।
२) खरिद भएको बोलपत्र मिति २०८१ कार्तिक २९ गते विहीबार ४:३० बजे भित्र यस कम्पनीको नक्साल स्थित केन्द्रीय कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरू संलग्न राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical proposal र Financia Proposal छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट लेखि दाखिला गर्नुपर्नेछ।
३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८१ कार्तिक ३० गते शुक्रबार दिनको ११:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहबरमा यस कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्सालमा खोलिनेछ। तर, शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४) शिलबन्दी बोलपत्र खरीद गर्ने, दाखिला गर्ने, एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा यी कार्यहरु लगतै पछी कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।
५) बोलपत्र फारमका साथ आफूले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कम्पनीको सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००१०००१२६२ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (विडबण्ड) पेश गर्नु पर्नेछ। विडवण्ड Validity period १२० (एकसय बीस) दिनको हुनुपर्नेछ।
६) सफल बोलपत्रदाताले कबुल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने रकम यस कम्पनीको सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००१०००१२६२ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको (Performance Bond) १८० दिनको समयावधि राखी पेश गर्नुपर्नेछ।
७) रीत नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
८) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
९) यस बोलपत्र सम्वन्धी थप जानकारी आवश्यक परेमा सामान्य सेवा विभागको फोन नं. ०१-४५११५१०/०१-४५११५२० Ext No: 113, 114 वा ईमेल info@igiprudential.com मार्फत सम्पर्क गर्न सकिने छ।



## Malikarjun Rural Municipality
### Office of Rural Municipal Executive

Shankarpur, Darchula
Sudurpashchim Provience, Nepal

## Request for Quotation

**HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING**
**(Date of First Publication: B.S. 2081/07/09)**

1. Malikarjun Rural Municipality, Darchula District invites request for quotation (Hard copy) from the qualified bidders. The brief description of the procurement is as follows.

| S. N. | Description | Estimated Amount (With VAT) | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in LL (Proc Ref no. MRM/ RFQ/01-2081/082) | 9,60,000.00 | 1,000.00 | 2081/07/24 | 2081/07/24, 12:00 PM | 2081/07/24, 1:00 PM |

2. The detailed RFQ is uploaded in web site of Malikarjun Rural Municipality i.e. www.malikarjunmun.gov.np
3. The Malikarjun Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
4. The Service provider should submit the RFQ document purchase bank voucher with the proposal submission. RFQ Document fee should be sumitted in folloeing account:
   - **Name of the Bank:** **Macharpuchhre Bank Ltd. Malikarjun Branch, Darchula**
   - **Name of Account:** **Malikarjun Rural Municipality**
   - **Office Account No.** **0890067449600115**
5. For Quotation Document and other information bidder can visit www.malikarjunmun.gov.np or call 9868432903

**Chief Administrative Officer**



शे फोक्सुण्डो गाउँपालिका-३ स्थित प्रशासकीय केन्द्र रहेको साल्दाङ उपत्यकामा रहेको उवा खेती। *तस्बिर : हेमन्त केसी*

# 'विस्फोटक पदार्थ आयातमा सहजीकरण गर्छु'

काठमाडौं (कास)- परराष्ट्रमन्त्री आरजु राणा देउवाले जलविद्युत आयोजनाहरुलाई चाहिने विस्फोटक पदार्थको आयात र विद्युत निर्यातमा सहजीकरण गर्ने बताएकी छन्।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का पदाधिकारीहरुसँग बिहीबार मन्त्रालयमा भेटवार्ता गर्दै मन्त्री राणाले जलविद्युत आयोजनामा नभई नहुने विस्फोटक पदार्थ आयात सहज बनाउन आफ्नो तर्फबाट शतप्रतिशत प्रयास गर्ने बताएकी हुन्।

विदेशी नियोगका मानिसहरुसँग भेट्दा नेपालको ऊर्जा र पर्यटनमा लगानी गर्न धेरै नै चासो देखाएको भन्दै मन्त्री राणाले यी विषय सम्बोधनका लागि 'इकोनोमिक डिप्लोमेसी' शाखा नै स्थापना गर्ने योजनामा परराष्ट्र मन्त्रालय रहेको पनि बताइन्।

भेटमा इप्पानका अध्यक्ष गणेश कार्कीले नेपालको कुल विद्युत जडित क्षमता करिब ३३ सय मेगावाट पुग्दा यसको करिब ८० प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटेको र निर्माणाधीन तथा अध्ययनमा रहेका आयोजनाम पनि ८० प्रतिशत निजी क्षेत्रकै आयोजना रहेको कुरा परराष्ट्र मन्त्रीलाई स्मरण गराएका थिए। कार्कीले भने,'साढे दुई दशकदेखि ऊर्जा उत्पादनमा सक्रिय इप्पानमा ५०० भन्दा धेरै विद्युत उत्पादक कम्पनीहरु आवद्ध छन्। यो अवधिमा निजी क्षेत्रबाट मात्र हालसम्म २५ सय मेगावाट बराबरका १८६ आयोजना निर्माण सम्पन्न भैसकेका छन् भने करिब ४ हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन र त्यति नै क्षमताका आयोजना नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता (पीपीए) भएर वित्तिय व्यवस्थापनको पर्खाइमा रहेका छन्। १० हजार मेगावाट क्षमताका आयोजनाहरु अध्ययन सकेर विद्युत खरिद विक्री सम्झौता (पीपीए)को पर्खाइमा छन्।'

नेपालको ऊर्जा क्षेत्रमा ठूलो योगदान पुऱ्याएको निजी क्षेत्रलाई अहिले बिस्फोटक पदार्थको आयात असहज हुँदा आयोजनाको लागत बढ्नुका साथै समयमा निर्माण सम्पन्न नहुँदा नेपाल विद्युत प्राधिकरणलाई पेनाल्टी तिर्नुपर्ने अवस्था रहेको पनि अध्यक्ष कार्कीले बताए। अहिलेकै गतिमा आयोजना बन्दै गएमा १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत उत्पादनको लक्ष्य पूरा नहुनुका साथै १० वर्षमा १० हजार मेगावाट विद्युत भारतमा निर्यात गर्ने लक्ष्य पनि पूरा नहुने अवस्था रहेकोले यी विषयमा गम्भीर भएर सहजीकरण गरिदिन अध्यक्ष कार्कीले आग्रह गरेका थिए।

उनले १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्न ठूलो लगानीको खाँचो रहेकाले विदेशी लगानी भित्र्याउनका लागि पनि विदेशी निकायसँग सहजीकरण गरिदिन आग्रह गरेका थिए।

इप्पानका उपाध्यक्ष उत्तम भ्लोन लामाले नेपालमा विस्फोटक पदार्थ आयोजनाको नाममा नेपाल आइसकेपछि नेपाली सेनाकै रोहबरमा ओसारपसार, भण्डारण र उपयोग हुने बताए। हरेक आयोजनाले आयोजना स्थलमा आफ्नै खर्चमा आर्मी क्याम्प राखेर बिस्फोटक पदार्थको भण्डारणदेखि उपयोगसम्म सबै काम आर्मीको रोहबरमा मात्र गर्ने गरिएको उनको भनाइ छ।

इप्पान कार्यसमिति सदस्य भरत पराजुलीले नेपालमा अहिले मासिक रुपमा ४०० मेट्रिक टन र वर्षमा करिब ५ हजार मेट्रिक टन बिस्फोटक पदार्थ आवश्यक पर्ने बताए। भारतबाट सहज रुपमा बिस्फोटक पदार्थ नआउँदा निर्माणाधीन १८३ वटा आयोजना मध्ये १२० वटा आयोजनाहरु प्रभावित भइरहेका छन्।

भारतले पछिल्लो दुई वर्षदेखि अति कम मात्रामा मात्रै बिस्फोटक पदार्थ आयातको अनुमति दिइरहेको छ। यसले गर्दा निजी क्षेत्रका मात्र नभई सरकारले निर्माणअघि बढाएका विभिन्न पूर्वाधार आयोजनासमेत प्रभावित भइरहेका छन्। नेपालमा निर्माण हुने जलविद्युतलगायतका पूर्वाधार आयोजनाको लागत बढ्नुमा सहज रुपमा बिस्फोटक पदार्थ उपलब्ध नहुनु पनि एउटा प्रमुख कारणको रुपमा रहेको आयोजनाका प्रवर्द्धकहरुले बताउने गरेका छन्।

# निगमलाई सुधार गर्ने मन्त्री पाण्डेको प्रतिबद्धता

**कारोबार संवाददाता**

काठमाडौं- संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले नेपाल वायु सेवा निगमलाई सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। सरकार गठन भएको एकसय दिन पुगेको अवसरमा बिहीबार मन्त्रालयमा आयोजित भेटघाट कार्यक्रममा मन्त्री पाण्डेले निगममा देखिएका समस्याको दीर्घकालीन समाधानको उपाए अवलम्बन गर्दै सुधार गरि छाड्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

उनले भने,'निगमको साख खस्कँदो क्रममा रहेको छ। यसको दीर्घकालीन समाधानको उपाय भनेको पारदर्शी भएर थप विमान खरिद गर्नु र उडानलाई गतिशील प्रदान गर्नु हो।'



**उड्डयन क्षेत्रको समष्टिगत अध्ययन एवं विश्लेषण गरी सुरक्षित, भरपर्दो तथा विश्वसनीय बनाउन गठित समितिले काम अघि बढाइसकेका छ। समितिको म्याद ३ महिना रहेको छ।**

उड्डयन क्षेत्रको समष्टिगत अध्ययन एवं विश्लेषण गरी सुरक्षित, भरपर्दो तथा विश्वसनीय बनाउन गठित समितिले काम अघि बढाइसकेका छ। समितिको म्याद ३ महिना रहेको छ। मन्त्री पाण्डेले प्राधिकरणलाई नियामक र सेवाप्रदायक निकायका रूपमा छुट्याउन बनेको एकीकरण विधेयक, संशोधन गर्न बनेको हवाई सेवा प्राधिकरणको स्थापना तथा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा दर्ता गर्न मन्त्रिपरिषद् बाट स्वीकृति लिनको लागि पेस गरेको बताए। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कात्तिक १२ देखि जजिरा एअरवेयजले हप्तामा तीन र फ्लाई दुबईले दैनिक एक अन्तर्राष्ट्रिय उडान गर्ने गरी कार्यतालिका स्वीकृत गरिएकाले सो विमानस्थलबाट तेस्रो देशमा उडान हुन लागेको उनले बताए।

मन्त्रालयले आन्तरिक वायुसेवाले व्यहोर्नुपर्ने यात्रुको दायित्व तथा बीमालाई समयानुकुल वृद्धि गर्न हवाई यातायात सेवा सञ्चालन संस्थाको दायित्व तथा बीमा व्यवस्था गर्ने विधेयकको मस्यौदा तर्जुमा गरी स्वीकृतिको प्रक्रियाअघि बढाएको बताए।

मन्त्री पाण्डेले विपद्को अवस्थामा यातायात सेवा अवरूद्ध भई अन्तर्राष्ट्रिय उडान छुट्न गएका यात्रुलाई अतिरिक्त शूल्क नलाग्ने गरी टिकटको मिति परिवर्तन गर्न पाउने व्यवस्था मिलाइएको जानकारी दिए। त्यस्तै अवरुद्ध सडक सञ्जालहरू सञ्चालनमा नआएसम्म वायुसेवा कम्पनीले हवाई भाडादरको अधिकतम सीमाको टिकट बिक्री नगर्ने गरी व्यवस्था मिलाइएको छ। उनले भने,'विमानस्थलहरूलाई विहान साढे ४ बजेदेखि रातिको १ बजेसम्म आन्तरिक उडानहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।'

नेपाल र फ्रान्सबीच सम्पन्न भएको द्विपक्षीय हवाई सेवा सम्झौता र समझदारी पत्र संशोधन गर्ने कार्य अगाडि बढाइएको मन्त्रालयले बताएको छ। नेपाल र इण्डोनेशियाबीच द्विपक्षीय हवाई सेवा सम्झौता गर्ने प्रकियाअघि बढाइएको पनि जनाइएको छ। मन्त्री पाण्डेका अनुसार सौर्य एअरलाइन्सको वायुयान दुर्घटनाको अनुसन्धान गर्न जाँचबुझ आयोग गठन गरिएको र प्रारम्भिक प्रतिवेदनबाट प्राप्त सुझावहरू कार्यान्वयनका लागि निर्देशन दिइएको छ।

पर्यटनतर्फ पर्यटन विधेयक, २०८१ संघीय संसदमा दर्ता गर्न स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेस गरिएको मन्त्री पाण्डेले जानकारी दिए। क्यासिनो नियमावली, २०८१ र पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ संशोधनका लागि मन्त्रिपरिषद्मा पेस गरिएको उनको भनाइ छ। त्यसैगरी नेपालका ५ हजार ८ सयदेखि ६ हजार ५ सय मिटर उचाइका थप ५७ हिमाल आरोहणको लागि खुला गरिएको उनले जानकारी दिए। मन्त्रालयले पर्यटन विभागका सेवालाई अनलाइन प्रणालीमार्फत् प्रवाह हुने व्यवस्था मिलाएको छ। योसँगै ग्रेट हिमालयन ट्रेलको थप ५ किमी. पदमार्ग निर्माण कार्य सम्पन्न गरेको र हिमाल आरोहण र पदयात्राको क्रममा विपद् लगायतको अवस्थामा रहेका करिब २ सय जना पर्यटकहरूलाई उद्धार गरिएको पनि जानकारी गराइएको छ। उनका अनुसार नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा एक हजार आठ जनालाई पर्वतारोहण तथा होटल व्यवस्थापन सीपसम्बन्धी तालिम प्रदान गरिएको छ।

# बजार अनुगमन तीव्र

धनकुटा (कास)- तिहार नजिकिएसँगै धनकुटामा बजार अनुगमनलाई तीव्र पारिएको छ। स्थानीय प्रशासन, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, उपभोक्ता हक हित संरक्षण समितिलगायतले बजार अनुगमन थालेका हुन्।

टोलीले धनकुटाको सिंधुवामा रहेका फलफूल, तरकारी, माछामासु, थोक तथा खुद्रा पसलको अनुगमन गरेको धनकुटाका सहायक प्रमुख जिल्ला अधिकारी सहदेव रायामाझीले जानकारी दिए। अनुगमनका क्रममा पसलहरुमा मूल्य सूची नराखिएको, व्यापारीले आफूले डिलरहरुबाट सामग्री खरिद गर्दा मिती लाई ध्यान नदिने गरेको खाद्य र अखाद्य सामग्री एकै स्थानमा राख्ने गरेको पाइएको अनुगमन टोलीले जनाएको छ। टोलीले सबै कुराको सुधार गर्न निर्देशन दिएको र अटेर गर्ने लाई कारबाही गर्ने बताएको छ।

# जेठोबुढो धान बिक्रीमा समस्या नहुने



**दीननाथ बराल**

पोखरा- पोखरामा उत्पादन हुने जेठोबुढो धान बिक्रीमा अब कुनै समस्या नहुने भएको छ। पोखरा महानगरपालिकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग जेठोबुढो धान खरिद गर्ने सम्झौता गरेपछि समस्या हटेको हो।

सम्झौतामा महानगरपालिकाको तर्फबाट आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया र खाद्य व्यापार कम्पनीको तर्फबाट निमित्त प्रादेशिक प्रमुख रञ्जना केसीले हस्ताक्षर गरेका हुन्। पोखराको ब्राण्ड नै बनेको जेठोबुढो धान महानगरपालिकाले तोकेको समर्थन मूल्यका आधारमा प्रतिक्विन्टल ९ हजार ५ सय र नेपाल खाद्य संस्थानले ११ हजार रुपैयाँ प्रति क्विन्टलमा खरिद गर्दै आइरहेको छ।

सम्झौताअनुसार कम्पनीले महानगर क्षेत्रका कृषकहरूले उत्पादन गरेको स्थानीय रैथाने धान बाली जेठोबुढो खरिद समितिले तोकेको खरिद मूल्यमा खरिद गर्ने भएको आर्थिक विकास महाशाखा प्रमुख कडरियाले बताए। महानगरपालिकाले वास्तविक कृषक पहिचान र खरिद समितिले तोकेको परिमाणमा धान खरिद गर्न कृषकलाई कुपन उपलब्ध गराउने उनले बताए। २०८२ असार मसान्तसम्मका लागि गरिएको यो सम्झौता मुताबिक तत्काललाई स्थानीय रैथाने धान बाली जेठोबुढोको खरिद हुनेछ।

कृषकहरूले आफ्नो खेतमा उत्पादन भएको धान महानगरपालिकाले तोकेको स्थान वा कम्पनीको बिरौटा र पृथ्वीचोकमा रहेको गोदामसम्म आफैंले ढुवानी गर्नुपर्ने छ। कृषकले उत्पादन गरेको र त्यसको बजारीकरण सुनिश्चित भएको मेयर आचार्यले बताए। महानगर क्षेत्रमा उत्पादित जेठोबुढो खाद्य व्यापार कम्पनीमार्फत् देशभरिका नागरिकहरूको चुलोमा पुग्ने अवस्था सम्झौताले सुनिश्चित भएको उनको भनाइ थियो। यसअघि महानगरपालिकाले जेठोबुढो धानलाई पोखराको पहिचानको रूपमा ब्राण्डिङ् गरी समर्थन मूल्य समेत तोकेर बजारीकरण गरिसकेको थियो।

जेठोबुढोसहित अन्य ३५ प्रकारका कृषि उपजहरूको पनि समर्थन मूल्य तोकेर महानगरपालिकाले कृषकहरूका लागि न्यूनतम नाफा समेतको मूल्य सुनिश्चित गरेको छ। स्थानीय उत्पादनको प्रवर्द्धन अभियानअन्तरगत कृषि उपजहरूको ब्राण्डिङ तथा बजारीकरण र रैथाने हाटबजार पनि सञ्चालन सञ्चालन गरिएको आर्थिक विकास महाशाखा प्रमुख कडरियाले जनाए। पोखरा महानगर क्षेत्रको करिब ४ हजार हेक्टर क्षेत्रफलमा जेठोबुढो लगाइएको छ। करिब १४ हजार टन उत्पादन हुने गरेको महानगरले जनाएको छ।

जेठोबुढो धानको स्वाद नै अन्य धानको भन्दा स्वादिलो हुने, उत्पादनको समय अन्य धानको भन्दा तुलनात्मक बढी लाग्ने, धान उत्पादन आधा कम हुनेलगायतका कारणले उत्पादन लागत बढी पर्ने भएकाले यस प्रजातिको धानको मूल्य बढी पर्न गएको कडरियाले बताए। त्यसो त पोखराको पहिचान बनेको जेठोबुढो पछिल्लो समयमा रासायनिक मलको प्रयोगले गर्दा पहिलाको तूलनामा यसको स्वागत र वास्नामा केही कमी आएको स्थानीयको भनाइ छ। पोखराको कुडहर, पार्दी विरौटा, फेवाफाँट, काहुँखोला, लेखनाथ, रिठ्ठेपानी, चाउथे, प्रस्याङ, शिशुवा, बेगनासताल, खुदीलगायतको क्षेत्रमा उक्त धान खेती हुने गरेको छ।

# तिहारको चहलपहल सुरु

धनकुटा (कास)- धनकुटाको ग्रामीण इलाकामा लाग्ने साप्ताहिक र छोटी बजारमा तिहारको चहलपहल सुरु भएको छ। तिहार नजिकिएसँगै धनकुटाका साप्ताहिक, पाक्षिक बजारमा किनमेल गर्ने सर्वसाधारणको घुइँचो लाग्न थालेको हो।

पर्याप्त हाट बजारको सुविधा नभएका स्थानमा लाग्ने यस्ता हाट बजारमा तिहारका लागि चाहिने सामग्री खरिद गर्न तथा बिक्री गर्न व्यापारी र उपभोक्ताको घुइँचो लाग्न थालेको हो।

तर महँगीले लक्ष्मी पुजा तथा भाइटिकाका लागी चाहिने सामग्री छोइनसक्नु भएको धनकुटा नगरपालिकाकी सन्जु अधिकारीले बताइन्। उनले कपडादेखि लिएर फलफूल तथा भाइमसलामा अत्यधिक मूल्य बढेको बताइन्। बजारमा सबै उपभोग्य वस्तु पाइने भए पनि मूल्य छोई नसक्नु भएको अर्का उपभोक्ता इन्द्रबहादुर श्रेष्ठले बताए। व्यवसायीहरुले भने मूल्य बढेर आएको कारण आफूहरुले समेत लागत मूल्यमा थोरै नाफा राखेर बेच्नु परेको बताए।

चाडपर्वमा कालोबजारी नगर्न, लागत मूल्यभन्दा बढी मूल्य नराख्न, कृत्रिम अभाव सिर्जना नगर्न व्यापारीहरूलाई निर्देशन गरिसकिएको उद्योग वाणिज्य संघ धनकुटाका अध्यक्ष बिजयसन्तोषी राईले जानकारी दिए।


BALEPHI HYDROPOWER LTD
बलेफी हाईड्रोपावर लिमिटेड
BALEPHI HYDROPOWER LTD.
रजिष्टर्ड कार्यालय : का.जि.का.म.न.पा. वडा नं. १, फोन नं.:९७७-१-५९२१९१२, फ्याक्स नं.: ०१-५९०५००४
इमेल: info.balephi@gmail.com वेभसाइट: www.balephihydro.com
को

**हकप्रद शेयर निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द बारेको सूचना**

यस बलेफी हाईड्रोपावर लिमिटेडको हाल कायम चुक्ता पूँजी रु.१,८२,७९,७०,००० बराबरको प्रति शेयर रु.१००/-अंकित दरको १,८२,७९,७०० कित्ता साधारण शेयरको १ : १ (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा रु.१,८२,७९,७०,००० बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,८२,७९,७०० कित्ता हकप्रद शेयर निष्काशन प्रयोजनको लागि **मिति २०८१/०७/२१ गते (एक दिन)** शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०८१/०७/२० गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई शेयरधनी कायम भएका शेयरधनीले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनीहरु तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं।

साथै धितोपत्र व्यवसायीहरु (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) ले समेत यसै सूचनालाई आधारमानी CM Pool Account मा शेयर नराखि सम्बन्धित खरिदकर्ता शेयरधनीहरुको हितग्राही खातामा शेयर Transfer गरिदिनु हुन बिनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवार यस कम्पनी/शेयर रजिष्ट्रार/धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नहुने व्यहोरा समेत अनुरोध छ।



IGI PRUDENTIAL INSURANCE LIMITED
सुरक्षाको पूर्वाधार, भविष्यको आधार
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं।
फोन नम्बर: ४५११५१०, ४५११५२०,
Email: info@igiprudential.com ।
Web: www.igiprudential.com

**Facade Treatment-Doors & Windows सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

यस कम्पनीको का.म.न.पा. वडा नं. ३ पानीपोखरी, काठमाण्डौं स्थित जग्गामा निर्माणाधिन केन्द्रीय कार्यालय भवनमा Facade Treatment-Doors & Windows सम्बन्धी कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको निर्माण कार्य गर्न योग्य फर्म वा कम्पनीबाट देहाय बमोजिमको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ। देहाय बमोजिमको शर्त पूरा गरी शिलबन्दी बोलपत्र प्रक्रियामा भाग लिन सकिनेछ।

**मापदण्डहरु:**

१. फर्म वा कम्पनी विशुद्ध रुपमा Facade Treatment (Doors & Windows) सम्बन्धी कार्यमा ५ वर्षसम्मको कार्यानुभव भएको हुनुपर्नेछ।
२. रु. ६ करोड सम्मको तीन परियोजनाहरु पुरा गरेको अनुभव हुनुपर्नेछ।
३. विगत तीन वर्षमा औसत रु. १० करोडको व्यवसायिक कारोवार गरेको हुनुपर्नेछ।
४. फर्म वा कम्पनीले कार्यको समयतालीका र कार्य समाप्त गर्ने समयावधि स्पष्ट तोकिनुपर्नेछ।

**शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु::**

१. ५ वर्षको अनुभव सहितको कम्पनीको प्रोफाईल,
२. कम्पनी दर्ता प्रमाणपत्र,
३. विगत तीन आ.ब. को कर चुक्ता प्रमाणपत्र,
४. विगत तीन आ.ब.को वार्षिक प्रतिवेदन (आर्थिक विवरण)।
५. फर्म वा कम्पनी कालोसूचीमा नरहेको।
६. फर्म वा कम्पनीले आफनो वित्तीय स्थितिको सुदृढता सम्बन्धी कागजात पेश गर्नु पर्नेछ।

**शर्तहरू:**

१) बोलपत्र फाराम रू. ३,०००|- (अक्षेरेपी तिन हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस कम्पनीको सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००१०००१२६२ मा जम्मा गरेको सक्कल भौचर पेश गरी मिति २०८१ कार्तिक २९ गते दिनको २:०० बजे भित्रमा यस कम्पनीको नारायणचौर, नक्साल स्थित केन्द्रीय कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।
२) खरिद भएको बोलपत्र मिति २०८१ कार्तिक २९ गते विहीबार ४:३० बजे भित्र यस कम्पनीको नक्साल स्थित केन्द्रीय कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरू संलग्न राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical proposal र Financia Proposal छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट लेखि दाखिला गर्नुपर्नेछ।
३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८१ कार्तिक ३० गते शुक्रबार दिनको २:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहबरमा यस कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्सालमा खोलिनेछ। तर, शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४) शिलबन्दी बोलपत्र खरीद गर्ने, दाखिला गर्ने, एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा यी कार्यहरु लगतै पछी कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।
५) बोलपत्र फारमका साथ आफूले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कम्पनीको सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००१०००१२६२ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (विड बण्ड) पेश गर्नु पर्नेछ। विडवण्ड Validity period ९० (नब्बे) दिनको हुनुपर्नेछ।
६) सफल बोलपत्रदाताले कबुल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने रकम यस कम्पनीको सानिमा बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००१०००१२६२ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको (Performance Bond) १८० दिनको समयावधि राखी पेश गर्नुपर्नेछ।
७) रीत नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
८) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
९) यस बोलपत्र सम्वन्धी थप जानकारी आवश्यक परेमा सामान्य सेवा विभागको फोन नं. ०१-४५११५१०/०१-४५११५२० Ext No: 113, 114 वा ईमेल info@igiprudential.com मार्फत सम्पर्क गर्न सकिने छ।

# सिंहदरबारभित्र र बाहिरका पाटे मच्छर !

सम्पादकीय

## पाइपलाइन निर्माणबाट फाइदा

भारतको मोतीहारीदेखि नेपालको अमलेखगन्जसम्म निर्माण गरिएको पेट्रोलियम पाइपलाइनबाट अब पेट्रोल पनि ढुवानी हुने वातावरण बनेको छ । यो पाइपलाइन निर्माण भएको २०७६ पछि अहिलेसम्म डिजेल मात्र ढुवानी भइरहेको थियो । अब यही पाइपलाइनबाट पेट्रोल ढुवानी गरिने भएको हो । पेट्रोल भण्डारण गरी राख्ने ट्यांक अभावमा पाइपलाइन बनेको पाँच वर्षसम्म पनि पेट्रोल आयात गरिएको थिएन । अहिले भण्डारण गर्ने ट्यांकी निर्माण अन्तिम चरणमा पुगेपछि पेट्रोल आयात गर्ने वातावरण बनेको हो । ट्यांकी निर्माण हुनुअघि नै यही अक्टोबर ४ मा पेट्रोल आयातका लागि परीक्षणसमेत पूरा भइसकेको छ । परीक्षणका क्रममा ५ हजार किलोलिटर पेट्रोल आयात गरिएको थियो । मोतीहारी–अमलेखगन्ज पाइपलाइनको दूरी ६९.२ किलोमिटर छ, जसमा नेपालतर्फ ३६.२ र भारततर्फ ३३ किलोमिटर हो ।

अहिले पेट्रोल ट्यांकरमार्फत ढुवानी भइरहेको छ । दैनिक २० लाख लिटर पेट्रोल आयात गर्नेमा अब पाइपलाइनबाट यसको ७० प्रतिशत आयात हुनेछ । त्यसअनुसार करिब दैनिक १४ लाख लिटर पेट्रोल आयात पाइपलाइनबाट हुनेछ । पाइपलाइनमार्फत पेट्रोल आयात गर्दा प्रतिलिटर १ रुपैयाँ ५० पैसा ढुवानी खर्च बचत हुनेछ । यसबाट निगमको दैनिक करिब २१ लाख रुपैयाँ बचत हुनेछ । यो भनेको वार्षिक करिब ६० देखि ७० करोड रुपैयाँ हो । यस्तै पाइपलाइनबाट दैनिक ५ हजार किलोलिटर डिजेल आयात भइरहेको छ । यसबाट वार्षिक करिब साढे २ अर्ब ढुवानी बचत भएको छ । अर्कोतिर पाइपलाइनबाट पेट्रोल आयात हुँदा ढुवानी भाडासँगै प्राविधिक नोक्सानी पनि शून्य हुन्छ । वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्नेछ । भारतले अमलेखगन्जस्थित डिपोमा ४ हजार १ सय किलोलिटर क्षमताका दुई पेट्रोल ट्यांक बनाइरहेको छ । यस्तै २ सय ५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्यांक, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ वे (रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गर्दै छ । यी सबै पूर्वाधार बनेपछि अमलेखगन्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार ८ सय ४० किलोलिटर र पेट्रोलको १६ हजार ६ सय ३० किलोलिटर पुग्नेछ । सरकारको करिब ९० दिन पुग्ने इन्धन भण्डारण गर्ने नीतिअनुसार निगमले थप ५/५ हजार किलोलिटर क्षमताका दुई ट्यांकी निर्माण गरिरहेको छ ।

अर्कोतिर भारतकै सहयोगमा पाइपलाइनसहित अन्य तीन परियोजना बनाउन हालै सहमति बनेको छ । भारतले नेपाललाई १५ अर्ब रुपैयाँ अनुदान सहयोग दिएर दुईवटा पेट्रोलियम पाइपलाइन निर्माण गर्नेछ भने एउटा ग्रिनफिल्ड टर्मिनल बनाइदिनेछ । यस्तै नेपालको लगानीमा बन्ने अर्को ग्रिनफिल्ड टर्मिनल निर्माणमा भारतको रेखदेख अथवा प्राविधिक सहयोग हुनेछ । दुई मुलुकबीच हालै भएको सम्झौताअनुसार भारतको सिलिगुडीदेखि नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन निर्माण हुनेछ । यस्तै झापाकै चारआलीमा १८ हजार ९ सय किलोलिटर क्षमताको ग्रिनफिल्ड टर्मिनल बन्नेछ भने अमलेखगन्जबाट चितवनको लोथरसम्म ६२ किलोमिटर थप पाइपलाइन निर्माण हुनेछ । नेपाल आफैंले चितवनको लोथरमा ९१ हजार ९ सय किलोलिटर क्षमताको स्मार्ट ग्रिनफिल्ड टर्मिनल बनाउँदा भारतले प्राविधिक सहयोग दिनेछ ।

अहिले संसारका धेरै मुलुकमा इन्धन ढुवानी पाइपलाइनबाटै हुने गरेको छ । एक मुलुकबाट अर्को मुलुकको दूरी कोसौं टाढा भए पनि पाइपलाइन निर्माण गरेर इन्धन ढुवानी गर्दै आएको छ । धेरै मुलुकमा ग्यासको ढुवानीसमेत पाइपलाइनबाट हुँदै आएको छ । छिमेकी भारत र चीनले आन्तरिक खपतका लागि अधिकांश भूभागमा इन्धन ढुवानी पाइपलाइनबाट नै गरिरहेको छ । हामी इन्धन आपूर्तिमा पूर्ण रूपमा परनिर्भर छौं । ढुवानीका सवालमा पाइपलाइन प्रयोग गरेको आधा दशक मात्र भएको छ । पाइपलाइन निर्माणमा धेरै खर्च पनि लाग्दैन । त्यसैले कम्तीमा काठमाडौं उपत्यका, पोखराजस्ता ठूला सहरलाई पनि पाइपलाइनमा जोड्नेतर्फ सरकारको ध्यान जानु आवश्यक छ । एकपटकको लगानीले वर्षौं इन्धन ढुवानी गर्न सकिने मात्र होइन, अन्य धेरै फाइदा पनि पुग्छ । ढुवानीमा हुने बचतले लगानी गरेको रकम उठ्न धेरै वर्ष नलाग्ने, सडक जाम नहुने र वातावरण पनि जोगिनेजस्ता विभिन्न फाइदा भएकाले यस्तो पूर्वाधार बनाउन सरकार पछि हट्न हुँदैन ।

प्रा.डा. हरि शर्मा





मुलुकको व्यापार-वाणिज्य, स्वास्थ्य, शिक्षा, सामाजिक एवम् राजनीतिक व्यवस्थाभित्र विद्यमान प्रस्ट आकलन गर्न सकिने उच्चतम विकृतिको अन्धकूपमा हामी नेपाली जनता अहिले अभूतपूर्व रूपले आकुलव्याकुल छौं । देश चलाउने प्रण गरेर जनताको मार्गदर्शक बन्ने शपथ खाएकाहरूको बिगबिगी र अहंले चंगेजखान र हिटलरहरूको झझल्को दिन थालेको अवस्था छ । शासक वर्गमा जिम्मेवारी बोधको अभाव र नैतिक पतनको पराकाष्ठाले देशलाई खोक्रो बनाइसक्यो । मानसिक सन्तुलन बिग्रेकाहरूको राजनीतिक कृतघ्नता, वैमनश्यता र अहंकारको खुला मञ्चन देखेर नेपाली सभ्यता र संस्कृति, मान र प्रतिष्ठा, नेपालले गौरव गर्ने व्यक्तिगत आत्मसम्मान र वीरताको परिचयपत्र झुन्ड्याएर देशभित्रै बाँचेकाहरूको पीडा र दुखाइ एउटा क्लिष्ट सिम्फोनीजस्तै हाम्रा चारैतिर बजिरहेको आभास हुन्छ ।

देशको भाग्य कहिल्यै सप्रेन, दुर्दशा बनेर जनजनमा पुग्यो । पुऱ्याउने कारकहरू पनि चिनिए तर तिनको 'फाइल' खोलिएन । सीधासादा, मिहिनेत गरेर कमाउने, खाने र जीविका चलाउनेहरूमाथि संशोधित ऐन-कानुन र नियमहरूले दुर्दैव निम्त्याइदिएको अवस्थालाई न्यायसंगत रूपले निरुपण गर्नुको सट्टा सत्ताधारीहरूको दलीय स्वार्थका कारण आमनागरिकले अनाहकमा दुर्दिन हेरेर बस्नुपरिरहेको सत्यलाई कसरी होइन भन्ने ?

कृषिप्रधान देशका रूपमा कहलिएको हाम्रो देशले खाद्यान्न आयात गर्नुपर्ने अवस्था किन बेहोर्नु परिरहेको छ ? असार १५ गते सरकारका वरिष्ठ मन्त्रीदेखि लिएर अन्य धेरै सुकिलामुकिलाहरूको भीडै देखिन्छ रोपाइँ गर्न, तैपनि हामीलाई अन्नबाली किन अपुग भइराखेको छ ? किन हामीले अर्बौंको दाल-चामल र तरकारी भित्र्याउनु परिरहेको छ ? कात्तिक लागेपछि कृषिमा निर्भर हाम्रा किसान परिवारका ओठमा सन्तुष्टिको मृदु मुस्कान देख्न पाउँदा मन कति हर्षित हुन्छ ! तर यहाँ पनि सरकारले समुचित हिसाबले धानको मूल्य तोकिदिए सुनमा सुगन्ध हुने थिएन र ? धान किसानको हुन्छ, मूल्य व्यापारीको । कस्तो विडम्बना ? यस्तै ससाना मानिने तर महत्त्वपूर्ण कामहरूमा सरकारले चुक्न हुँदैन । देशले कृषि क्रान्ति दशक मनाइरहेका बेला कृषकको प्रोत्साहन र श्रमले हाम्रो कृषिक्षेत्रको बिग्रँदो विम्बलाई सुधारोन्मुख बनाउँदै नेपालमा कृषिको सान, राष्ट्रको पहिचान हुन सक्छ । महावीर पुनजस्ता देशभक्त वैज्ञानिकहरूको संलग्नता रहेको क्षेत्रले क्षेत्रीय मात्र होइन, अन्तर्राष्ट्रिय जगत्मा नै आफ्ना उपलब्धिहरूको श्रृंखलाबद्ध रूपमा कोसेढुंगाहरूको सिर्जना गर्न सक्नुपर्छ । कृषिक्षेत्रमा निश्चय पनि सुधारका अनेक शुभ-संकेत देखिए तापनि काम गर्ने हातहरूको अभाव सधैं दुखिरहेकै हुन्छ । 'स्वदेशमै बस, स्वरोजगार बन'को नीतिले मात्रै समाधान देखाउँदैन । बेरोजगार युवाको समूह बनाएर देशैभरि अभिमुखीकरण र सुविधासहितको तालिमको व्यवस्था हुन सकेको खण्डमा हामीले उत्पादकत्वको क्षेत्रमा दक्षिण एसिया र दक्षिण-पूर्व एसियाकै कृषिक्षेत्रमा आफ्नो वर्चस्व देखाउन सक्ने सामर्थ्य राख्छौं ।

देशमा केही उल्लेख्य गर्नुपऱ्यो, सरकारले सधैं विदेशी दातृ निकायहरूसमक्ष हार-गुहार लम्पसारको नीति अवलम्बन गरेर नेपाली हुनुको मूल्यको अवमूल्यन गर्छ । सरकारको यस्तै बढ्दो प्रवृत्ति देखेर विदेशमा रोजगारीका क्रममा गएका कैयौं युवाले स्वदेशमै फर्केर आफ्नो क्षमता र सीपअनुसार कृषि व्यवसायमा स्वयंलाई समर्पित गरेका अनेकौं प्रेरणादायी उदाहरण छन् । सरकारले त्यस्ता कर्मठ युवाको पहिचान गरेर उनीहरूलाई ससम्मान उच्च प्रेरणा र अनुदानको व्यवस्था गरिदिए नेपाल कति समृद्धशाली देश हो भन्ने सबैले बुझ्थे । जोर्डन नदीको बगरबाट माटो ओसारेर इजरायलले कृषिक्षेत्रमा ल्याएको नवजागरणका कथाहरू कति मार्मिक, यद्यपि उत्साहजनक छन् । इजरायल बसेर आएका हाम्रै नेपाली युवाले सुनाएका त्यस्ता प्रसंगहरूलाई आफ्नै सामाजिक र राजनीतिक परिप्रेक्ष्यमा चरितार्थ पार्नेतर्फ किन हाम्रो सोच पुग्दैन ?

आफ्नो सोचलाई हामीले सधैं चस्मा, घडी र जुत्तामा केन्द्रित गऱ्यौं । यसले सीमित आडम्बरी वर्गलाई लालायित बनाउला, तर दस ठाउँमा टालेको इस्टकोट र झुत्रैझुत्रा परेको टोपीमा अडिएको देशको पहिचानलाई कसरी लुकाउनै सकिएला ? पाँच किलो अनुदानको चामल लिन तीन दिन हिँडेर तुइन तर्दै सदरमुकाम पुग्नुपर्ने अवस्थालाई राजधानीका आकर्षक पापी निवासका बासिन्दाहरूले कहिल्यै सोचे ? के तिनको प्राथमिकतामा हाम्रो जनसंख्याको त्यो कित्ता कहिल्यै पऱ्यो ? आजको एक्काइसौँ शताब्दीमा, त्यो पनि संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयका शिक्षक-शिक्षार्थीहरूलाई सम्बोधन गर्दा डाँफे, गैंडा, हात्तीका प्रसंग ल्याएर नेपालको प्राकृतिक, भौगोलिक र सांस्कृतिक सम्पदाहरूको परिचय उठान गर्नुको साथसाथै अमेरिकी सन्दर्भमा नेपाली युवा जनशक्तिले त्यहाँको प्राज्ञिक, प्राविधिक एवं राजनीतिक क्षेत्रमा पुऱ्याउँदै आइरहेको योगदान र नेपाल-अमेरिकी कूटनीतिज्ञहरूले हेर्ने दृष्टिकोणको एउटा समीक्षात्मक प्रस्तुतिले सम्भवतः अमेरिकी शिक्षार्थीहरूमा नेपालप्रति एउटा जिज्ञासा र कौतूहल उत्पन्न गर्थ्यो होला । जे होस्, हाम्रा नेताहरूमा केही बाह्य आलंकारिक विशेषता निश्चित रूपमा छन् । ड्याम्म फुलेको शरीर, गहिरो व्यक्तित्व प्रतिविम्बित हुने भुँडी र नेतृत्वमा हुनै पनि हैकमवादी अहंकारी आचरण र स्वार्थसिक्त पदर सत्ता एवं जुनसुकै रंगको भए पनि दौलत तथा पं. लेखनाथको मै खाऊँ मै लाऊँ कवितामा वर्णित पात्रका गुणहरू भरिएको देखिन्छ । जनता जनार्दनलाई सधैं तुच्छ श्रेणीमा राखेर मात्र आफ्नो जयजयकारको चाहनाले भोलि यिनको अभीष्ट अझै पनि पूरा हुनेछ भन्ने सोचाइ छ भने त्यो सरासर भ्रम हो । लोकतान्त्रिक राज्य व्यवस्थामा जनता जाबो होइन, जनार्दनै हुन्छ ।

देशैभरि महामारीको रूपमा अत्यन्तै भयावह रूपमा हालै फैलिँदै गइरहेको पाटे मच्छर (डेंगु) को टोकाइबाट बिरामी कैयौं अस्पताल भरिएका छन् र कैयौं बिरामीको त जीवन नै समाप्त भयो । चितवन, काभ्रे, काठमाडौं, ललितपुर र अन्य अनेक जिल्लाहरूमा डेंगुको संक्रमणले महामारीको रूप लिइसकेको अवस्थामा पनि हाम्रो स्वास्थ्य मन्त्रालयले यसलाई बडो सामान्य रूपमा लिएको अनुभव गर्न सकिन्छ । संघीय सरकार र प्रादेशिक सरकारको त कुरै छोडौं, जनताको सबैभन्दा नजिकको स्थानीय सरकारले समेत यसतर्फ ध्यान नपुऱ्याउने गरेको देखिएको छ । कोरोना कालमा घरघरै गएर स्वास्थ्यकर्मीहरूले मच्छर उत्पन्न हुने स्थानहरूमा डिडिटी पाउडर र स्प्रे छर्कने गरेका थिए । संक्रमितको सूचना पाउनेबित्तिकै स्थानीय स्वास्थ्य टोलीले सघन उपचारका लागि परामर्श दिने गरेको पनि हामी सम्झिन्छौं । तर, अहिले डेंगुले जनजीवनलाई अस्तव्यस्त त पारेको बेला त्यसबारे सरकारको विज्ञापन बोर्डका केही जनचेतनामूलक विज्ञापनबाहेक अन्य कुनै पनि प्रकारको व्यवस्था वा सेवाको प्रबन्ध मिलाउन किन हिचकिचाएको होला यो सरकार ? डेंगु संक्रमणले को कांग्रेस वा को एमाले त भन्दैन होला नि ? आँखा उघार सरकार, ढिलो त भइसकेको छ; कुनै पनि राम्रो काम ढिलै भए पनि सुरु हुनुलाई स्वागतयोग्य नै मानिन्छ । गत महिनाको आँकडाअनुसार विश्वमा यो वर्षको प्रारम्भदेखि हालसम्म झन्डै १ करोड ३० लाख नागरिक डेंगुको टोकाइबाट प्रभावित भएका छन् र विश्व स्वास्थ्य संगठनका अनुसार झन्डै ९ हजार डेंगुपीडितको निधन भइसकेको छ । नेपालमा सरुवा रोग नियन्त्रण शाखाका अनुसार २०२४ को जनवरीदेखि सेप्टेम्बरको प्रारम्भ सम्म देशैभरिका ७७ जिल्लामध्ये ७६ जिल्लामा १९ हजार ५ सय ९९ व्यक्तिलाई डेंगु संक्रमण भएको छ । र विभिन्न जिल्लामा यस संक्रमणबाट निधन हुनेको संख्या अहिलेसम्म घटेको छैन । सरुवा रोग नियन्त्रण शाखाका अनुसार यस वर्षको पहिलो आठ महिनासम्म अन्य सबै जिल्लाको तुलनामा काठमाडौंमा सर्वाधिक ३ हजार १ सय ३ डेंगुका बिरामी रहेका थिए र यो संख्या अहिले पनि वृद्धि भइरहेको जानकारीमा आएको छ । हाम्रा सिमानाहरू साँघुरा भए पनि हाम्रो देश ठूलै छ । यत्रो ठूलो देशका सम्पूर्ण नागरिकको जीउधनको संरक्षणको संवैधानिक प्रत्याभूति मात्र दिएर हुँदैन, उनीहरूको स्वास्थ्य स्थितिको सूचना लिएर उनीहरूको आवश्यक स्वास्थ्य सेवा र उपचारको व्यवस्था राज्य सरकारले गर्नैपर्छ । सामान्य जनताले सकी-नसकी नियमित रूपले सरकारलाई बुझाएको कर केका लागि ?

**यत्रो ठूलो देशका सम्पूर्ण नागरिकको जीउधनको संरक्षणको संवैधानिक प्रत्याभूति मात्र दिएर हुँदैन, उनीहरूको स्वास्थ्य स्थितिको सूचना लिएर उनीहरूको आवश्यक स्वास्थ्य सेवा र उपचारको व्यवस्था राज्य सरकारले गर्नैपर्छ । सामान्य जनताले सकी–नसकी नियमित रूपले सरकारलाई बुझाएको कर केका लागि ?**


पंक्तिकार त आठ साले हो । भनिन्छ, सात सालअघि नेपालका तमाम गाउँहरूमा शिष्ट गाली गर्नुपरेमा उनीहरू भन्ने गर्थे अरे– 'तेरा घरमा कांग्रेस पसोस् ।' गत द्वन्द्वकालभरि भनिएको सुनेकै हो– तेरा घर माओवादी पसोस् । अहिले सुनिन्छ, त्यो भाष्यमा धेरै परिवर्तन आएको छैन । तेरा घर पाटे मच्छर पसोस् अरे । डेंगुको शरीरभरि पाटे बाघको झैँ सेता-सेता पाटाहरू हुन्छन्, त्यसले त्यसलाई पाटे मच्छर भनिएको मानिन्छ ।

देशमा दलहरूको बढ्दो संख्या देखेर कतिपय विद्वान् मित्र पनि चकित हुँदै गइरहेको देखियो । राजनीतिक दलको संख्या बढ्नु मुलुकमा राजनीतिक संचेतनाको विकास भएको मान्न सकिन्छ । संयुक्त राज्यमा कुल राजनीतिक दलको संख्या ३ सय ९३ छ भने अमेरिकामा तीन दलको प्रमुखता पाइएको छ । रिपब्लिकन, डेमोक्रेटिक र स्वतन्त्र भन्नुको अर्थ राजनीतिक दल बढी भए मात्रै राजनीतिक संचेतना पनि बढी हुनुपर्छ भन्ने होइन । लोकतान्त्रिक प्रजातन्त्रमा सम्बन्धित मुलुकको संविधान र निर्वाचन आयोगको अनुमोदित अभ्यास नै प्रमुख कुरा हो ।

हामीकहाँ दलीय अभ्यासले जनमानसमा र विशेष गरी युवावर्गमा उल्लेख्य उत्साह र सन्तोष ल्याउन नसकेको अवस्थाबाट हामी गुज्रिसकेका छौं । स्वतन्त्र उम्मेदवारका रूपमा जुन मित्रहरूले चुनावमा विजय हासिल गरे र आ-आफ्नो ठाउँबाट तिनीहरूले उत्तरदायित्वपूर्ण रूपले आफ्नो भूमिका निर्वाह गरिरहेका छन्, त्यसबाट जनसमुदाय प्रसन्न रहेको पनि सत्य हो । देशमा दुई दशकको समयभित्र दलीय अभ्यासमा केही पुराना दलको जुन रवैया देखियो, त्यो पाटे मच्छरको जस्तो देखियो । जसरी हुन्छ टोक्ने अनि लडाउने र आफ्नो नश्लीय सुरक्षा र शासनलाई कायम राख्ने । युवा त्यो चाहँदैनन् । युवा भन्नाले देशका भावी कर्णधारहरूलाई भनिएको हो । केही युवा त गुन्टा कसेर खाडी र मलेसियातिर पनि पुगेका छन् । धन कमाउन र मिसन-चौरासीको प्रतिस्पर्धामा उत्रिन । केही सभ्य, सुसंस्कृत, शिक्षित, सक्षम र जनमुखी बनेर देश सेवामा स्वयंलाई सम्पूर्ण रूपले समर्पित गर्ने लालसा बोकेर । केही भने स्वदेशमै बसेर पाटे मच्छर लखेट्ने योजनामा तल्लीन छन् । देशको वर्तमान अवस्था व्यवस्थाले पाटे मच्छरलाई शक्तिशाली बनाएको गुनासो सुनिन्छ ।

# भारतीय अर्थतन्त्र र पाकिस्तानी प्रभाव

डा. सुमनकुमार रेग्मी



भारतमा मुद्रास्फीतिको जोखिम र बलियो आर्थिक वृद्धि दुवैको सम्भावना रहेको बताइन्छ । लगातार सातौं पटक ब्याजदरमा सन् २०२४ सम्म पनि कुनै परिवर्तन गरिएको छैन । भारत आफैंले आफ्नो महत्त्वपूर्ण पुनः खरिद सम्झौता अर्थात् रिपो दर ६.५० प्रतिशत कायम रहेको बताएको छ ।

सन् २०२४ मा भारतले ब्याजदर कटौतीको संकेत दिएको छ । भारतमा मुद्रास्फीति घट्दो क्रममा रहेको बताइन्छ । तर, अझै पनि ४ प्रतिशतको लक्ष्यभन्दा माथि भएको बताइन्छ । भारतले विभिन्न स्थानमा गर्मी बढ्ने र यसले खाद्यान्नको मूल्यवृद्धि हुने चेतावनी दिएको छ । बलियो आर्थिक वृद्धिले पनि ब्याजदर कमीको तत्काल आवश्यकतालाई कम गरेको छ । उत्पादन क्षेत्रमा वृद्धि भएसँगै भारतको अर्थतन्त्र २०२३ डिसेम्बरमा पूरा भएको त्रैमासिक अवधिमा ८.४ प्रतिशतले वृद्धि भएको थियो । अबका अवधिमा बलियो वृद्धिको सम्भावनाले मुद्रास्फीतिमा केन्द्रित रहन र ४ प्रतिशतको लक्ष्यमा मुद्रास्फीतिलाई स्थिर राख्न नीतिगत दबाब प्रदान गरेको छ । तर, खाद्यान्नको मूल्यमा अस्थिरताले चुनौती सामुन्ने रहेको छ । त्यसैले मौद्रिक नीति सक्रिय राख्न अवमूल्यनकारी रहिरहनुपर्छ । सन् २०२२ को मेदेखि सन् २०२३ को फेब्रुअरीसम्म ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरिएको थियो । २०२३ फेब्रुअरीमा भारतको खुद्रा मुद्रास्फीति २०२३ जनवरीको तथ्यांकमा अपरिवर्तन रहँदै ५.०९ प्रतिशत कायम भएको थियो ।

खाद्यान्न र इन्धन लागत समावेश नगरिने देशको आन्तरिक मुद्रास्फीति ४ प्रतिशतभन्दा कम रहहेको बताइन्छ । मार्च ३१, २०२३ मा समाप्त भएको आर्थिक वर्षमा भारतको वृद्धिदर ७.५ देखि ८ प्रतिशतको बीचमा रहेको अनुमान गरिएको छ । अंक नै सबै प्रमुख अर्थव्यवस्थाका सूचकमध्ये सबैभन्दा उच्च हो । २०२३ फेब्रुअरीमा भारतले अप्रिल १९ मा सुरु हुने राष्ट्रिय चुनावअघि अन्तिम बजेटमा यस्तो लोकप्रियताका लागि हुने खर्चलाई बेवास्ता गरेको, आर्थिक वर्ष २०२४/२५ का लागि अपेक्षा गरिएको भन्दा कम वित्तीय घाटाको घोषणा गरेको देखिन्छ ।

**भारतको अर्थतन्त्र र व्यापार**

आइएमएफले भारतलाई विश्वकै तीव्र वृद्धिको अर्थव्यवस्था भएको देशको संज्ञा दिएको छ । भारतमा विगत पाँच वर्षको अवधिमा औसत वृद्धिदर करिब ७ प्रतिशतभन्दा बढी रहँदै आएको छ । यद्यपि कोषले २०१९ मा भारतको अनुमानित वृद्धिदरमा ०.१ प्रतिशतको कटौती गरेर ७.४ प्रतिशत पुनः कायम गरेको छ । पहिला यो ७.५ प्रतिशत थियो ।

भारतको कुल गार्हस्थ्य उत्पादन अर्थात् जिडिपी आव २०१८-१९ मा ७.३ प्रतिशत र आव २०१९-२० मा ७.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको थियो । निजी उपभोग पनि वृद्धि भएकाले यो स्तरको वृद्धि आएको देखिन्छ । २०१८-१९ मा मुद्रास्फीति ५.२ प्रतिशत हुने अनुमान गरिएको थियो ।

२०१८ जुलाईमा भारतको व्यापार घाटा पाँच वर्षकै अर्थात् सन् २०१४ पछि उच्च अर्थात् १८.०२ अर्ब डलर पुगेको थियो । विशेष गरी तेलको आयातमा भएको वृद्धिका कारण व्यापार घाटामा वृद्धि भएको भनिएको छ । वार्षिक मापनका आधारमा व्यापारिक सामग्रीको निर्यातमा भने १४.३ प्रतिशतले वृद्धि भएको थियो । यद्यपि तेलको आयातमा भएको ५७.४ प्रतिशतको वृद्धिले समग्र व्यापार घाटामा वृद्धि भएको देखिन्छ ।

**उत्पादन क्षेत्रमा वृद्धि भएसँगै भारतको अर्थतन्त्र २०२३ डिसेम्बरमा पूरा भएको त्रैमासिक अवधिमा ८.४ प्रतिशतले वृद्धि भएको थियो । अबका अवधिमा बलियो वृद्धिको सम्भावनाले मुद्रास्फीतिमा केन्द्रित रहन र ४ प्रतिशतको लक्ष्यमा मुद्रास्फीतिलाई स्थिर राख्न नीतिगत दबाब प्रदान गरेको छ । तर, खाद्यान्नको मूल्यमा अस्थिरताले चुनौती सामुन्ने रहेको छ । त्यसैले मौद्रिक नीति सक्रिय राख्न अवमूल्यनकारी रहिरहनुपर्छ ।**

२ ट्रिलियन डलरको हाराहारीमा रहेको भारतीय अर्थतन्त्र तीव्र गतिमा जाने अनुमान गरिएको छ । भारत सरकारले सुरु गरेको जिएसटीका कारण भारतको अर्थतन्त्र बढी गतिमा वृद्धि हुँदै गएको छ । बताइन्छ कि विश्वकै सर्वाधिक तीव्र गतिमा वृद्धि भइरहेको अर्थव्यवस्थाका रूपमा भारतले विश्वव्यापी वृद्धिमा करिब १५ प्रतिशतको योगदान गरिरहेको छ । भनिन्छ, भारतीय अर्थतन्त्रले लाखौं मानिसलाई गरिबीबाट मुक्त गरिरहेको छ । भारतले विदेशी लगानीलाई पनि भारतीय अर्थतन्त्रमा प्रवेश खुला गरेको छ । तैपनि भारतीय अर्थतन्त्र महँगीको मारमा परेको छ । भारतीय अर्थव्यवस्था सन् २०१८ मा नोटबन्दीको असर र जिएसटी लागू भएकाले बाधा-अवरोधबाट कम भएर जिडिपी बढ्दै गएको भनिएको थियो । आव २०१७-१८ मा वृद्धिदर ६.७ प्रतिशत रहेको थियो । तर, २०१८-१९ मा ७.३ प्रतिशत हुने अनुमान गरिएको थियो । खाद्यवस्तुमा मूल्यवृद्धिका कारण भारतमा अगस्ट २०१६ मा खुद्रा मुद्रास्फीतिले ६ प्रतिशत नाघेको थियो । तर, ग्रामीण क्षेत्रको मुद्रास्फीति सहरको दाँजोमा उच्च देखिएको छ ।

विगतका केही वर्षअगाडि विश्वव्यापी रूपमा लामो समयसम्म देखिएको कम गति, लगानीमा आएको कमी तथा बैंकिङ र कर्पोरेट क्षेत्रमा देखिएको अर्थतन्त्रमा असहजपनाले भारतको वृद्धिमा असर पारेको थियो । भारत त चीन र अमेरिकापछि विश्वव्यापी रूपमा सुधारको पृष्ठभूमिमा रहिआएको छ । भारतमा काम गर्न सक्ने उमेरका जनसंख्याको कमी अबको तीन दशकपछि मात्र हुने भएको बताइन्छ । त्यसर्थ भारतका लागि यो ठूलो अवसर भएको बताइन्छ । भारतको अर्थतन्त्रमा अमेरिकाबाट आउने अनलाइन कामको हिस्सा ठूलो छ ।

**भारत र पाकिस्तानमा सहयोगको अभाव**

भारत र पाकिस्तानको सम्बन्ध बेलाबेलामा चिसिँदै आएको छ । यस्तो स्थितिमा संयुक्त राष्ट्रसंघले चासो देखाउँदै आएको छ । भारतले बेलाबेलामा सीमा नियन्त्रण रेखा काटेर आक्रमण गरेपछि दुई देशबीचको तनाव बेलाबेलामा आउँदै गरेको छ । भारत र पाकिस्तानले आआफ्ना सीमा क्षेत्र निर्धारण गरी सीमा नियन्त्रण रेखा कायम गरेपश्चात् युद्धविराम भइसकेपछि पनि बेलाबेलामा फेरि-फेरि आक्रमण हुनु खेदको कुरो हुँदै आएको छ । सीमा नियन्त्रण रेखाले काश्मीरलाई दुई खण्डमा विभाजन गरी भारत र पास्तिानको सीमा क्षेत्र निर्धारण गरेका थिए । निर्धारित उक्त दुई अलग-अलग खण्डलाई भारत अधीनस्थ र पाकिस्तान अधीनस्थ काश्मीरको नाम दिइएको छ । दुई देशको विभाजन रेखा यही लाइन अफ कन्ट्रोलमै छ ।

बेलाबेलामा कहिले भारततर्फको भूभागतर्फको काश्मीरको प्रान्तीय राजधानी श्रीनगरबाट उत्तर-पश्चिममा परेको क्षेत्रमा पर्ने सैनिक शिविरमा भएको आक्रमणमा भारतीय सैनिकले ज्यान गुमाएका देखिन्छन् भने कहिले यस्तै पाकिस्तान क्षेत्रमा यस्तै हुँदै आएको छ ।

भारत अधीनस्थ काश्मीरमा पाकिस्तानको उग्र विरोध गर्दै जनप्रदर्शन हुँदै आएको छ । फलस्वरूप दुई देशबिच तनाव हुँदै आएको छ । सीमापारिबाट हुन सक्ने बम, गोला प्रहारबाट जोगिनका लागि काश्मीरका कतिपय ग्रामीण इलाकाका बासिन्दालाई सचेत गराइँदै आएको छ । साथै, घर छोडी अन्यत्र नजान संयुक्त राष्ट्रसंघले भन्दै आएको छ । पाकिस्तानबाट हुन सक्ने सम्भावित खतरालाई विचार गर्दा उत्तरी पन्जाब राज्यमा पनि पाकिस्तानी सीमाबाट दस किलोमिटरभित्रसम्मका ग्रामीण बस्तीलाई पनि अन्यत्र सारिएको भनिएको थियो ।

# एशियाकै ठूलो महाशिलामा सात करोडको पूर्वाधार निर्माण



**लक्ष्मीप्रसाद सापकोटा**

पर्वत- पर्वतको महाशिला गाउँपालिका-५ लुंखुदेउरालीमा अवस्थित एशियाकै ठूलो महाशिला (ढुंगा) मा करोडौंको लगानीमा पर्यटकीय पूर्वाधार निर्माणसँगै पर्यटकको आकर्षण बढ्न थालेको छ।

सडक मार्गको पहुँचसँगै महाशिला वरिपरि आकर्षक संरचना निर्माण गरिएको हो। नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय र स्थानीय गाउँपालिकाको गरी सात करोडभन्दा बढीका विभिन्न संरचना निर्माण गरिएको हो। सदरमुकाम कुश्मा बजारबाट करिब ४० किलोमिटरको दूरीमा पर्ने महाशिलामा रहेको यो ठूलो ढुंगा स्थानीयस्तरमा मेहलढुंगाको नामले समेत परिचित छ। एशियाकै ठूलो महाशिला भएकाले यसलाई अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको महाशिला धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष पुष्पराज पौडेलले बताए।

उनका अनुसार महाशिलामा अहिलेसम्म झण्डै सात करोड रुपैयाँभन्दा बढीका पूर्वाधार निर्माण भइसकेका छन्। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत् चार करोड १२ लाख रुपैयाँको लागतमा पर्यटकका लागि सुविधा सम्पन्न आश्रम भवन, स्वामिनारायण गुफा, मन्दिर तथा शौचालय निर्माण गरिएको छ। त्यसैगरी गण्डकी प्रदेश सरकारको सहयोगमा महाशिला परिसरमा डेढ करोड रुपैयाँको लागतमा एक सय आठ गौमुखी धारा, महाशिला परिक्रमा गर्ने पदमार्ग, मुख्य गुफा तथा पुरानो संरचना संरक्षण लगायतका पूर्वाधार तयार गरिएको छ।

यस्तै नेपाल पर्यटन बोर्डमार्फत् ११ लाख रुपैयाँको लागतमा ट्रष्ट भवन बनाइएको छ भने गाउँपालिकाले पनि विभिन्न संरचना तथा सडक पूर्वाधारमा लगानी गरेको छ। चालु आर्थिक वर्षमा समेत संघीय मन्त्रालयमार्फत् डेढ करोड रुपैयाँ विनियोजन भएको संस्थाका अध्यक्ष पौडेलले जानकारी दिए। उनका अनुसार उक्त बजेटले महाशिला परिसरमा पर्खाल निर्माण तथा आश्रम भवनमा आवश्यक सामग्री खरिद लगायतमा खर्चिने भएको छ। केही वर्ष अघिसम्म आवश्यक प्रचार प्रसार र पूर्वाधारको अभावमा ओझेलमा परेको महाशिलामा अहिले धार्मिक, आन्तरिकसँगै बाह्य पर्यटकसमेत आउन थालेको अध्यक्ष पौडेलको भनाइ छ।

लुंखुदेउरालीमा पक्की मोटरबाटोको सुविधा पुगेकाले पनि पोखरा, स्याङ्जा, गुल्मी, बुटवल, पाल्पालगायतका जिल्लाबाट सिधै पर्यटक आउने गरेको स्थानीय सरस्वती अधिकारीले बताइन्। अधिकारीका अनुसार यो महाशिला एक पटक हिँडेर परिक्रमा गर्दा एक माना चामलको भात पाक्ने किम्वदन्ती छ। एक पटक घुम्दा १० मिनेटभन्दा बढी समय लाग्ने उनले बताइन्।

'बाबुबाजेका पालामा पुजारी बसेर पूजापाठ गरे पनि पछिल्लो समय हराउँदै गएकोमा स्थानीय महाशिला गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भएसँगै यसको विकास गर्न थालेका हुन्। अहिले यहाँ नियमित पूजापाठसमेत हुने गर्दछ। एशियाकै सबैभन्दा ठूलो भएर पनि उचित प्रचारप्रसार हुन नसकेको यो महाशिला पछिल्लो समय निर्माण गरिएका आकर्षक संरचनाले पर्यटक तान्न थालेको अधिकारीले बताइन्। उनका अनुसार यहाँ हरेक एकादशी, बालाचतुर्दशी, शिवरात्रि, रामनवमी, अक्षयतृतीया लगायत चाडपर्वमा मेला लाग्ने गर्दछ।

महाशिला गाउँपालिकाको नामाकरणसमेत यही शिलाको नामबाट गरिएको हो। १३० मिटर अग्लो शिला झण्डै १० रोपनी क्षेत्रफलमा फैलिएको छ। शिला परिसरमा विभिन्न संरचना निर्माणका लागि स्थानीयबासीले निःशुल्क जग्गासमेत दान गरेका छन्। अहिले शिलाको स्वामित्वमा झण्डै २० रोपनी क्षेत्रफल रहेको अध्यक्ष पुष्पराज पौडेलले बताए।

महाशिला गाउँपालिकाले यसको विकासका लागि ७० करोड रुपैयाँको गुरुयोजना समेत बनाएको छ। गुरुयोजना अनुसार काम अघि बढाउँदै लगिएको गाउँपालिकाका अध्यक्ष इश्वरीप्रसाद भुसालले बताए। उनले संघ र प्रदेश सरकारसँगको पहलमा गण्डकी प्रदेशकै आकर्षण पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने योजना रहेको जानकारी दिए। महाशिलाको दर्शन, अवलोकन र अध्ययनका लागि वार्षिक हजारौं पर्यटक आउने गरेको उनले बताए।

# सुदूरपश्चिममा उज्यालो नेपालको लक्ष्य अझै पूरा भएन

**मुकेश चौधरी**

धनगढी- नेपाल सरकारले गत आर्थिक वर्ष २०८०/०८१ सम्म देशका सबै घरधुरीमा विद्युत सेवा पुर्‍याइसक्ने लक्ष्यका साथ उज्यालो नेपाल कार्यक्रम घोषणा गरेको थियो। तर सुदूरपश्चिममा सो लक्ष्य पूरा हुन सकेको छैन।

नेपाल विद्युत प्राधिकरण सुदूरपश्चिम प्रादेशिक कार्यालयका अनुसार सुदूरपश्चिम प्रदेशमा ८६.५८ प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको छ। प्राधिकरणको तथ्यांकअनुसार कैलाली र कञ्चनपुर जिल्लामा मात्रै विद्युतीकरणको काम लगभग पूरा भएको छ भने पहाडी जिल्लामा विद्युतीकरणको काम सुस्तगतिमा भइरहेको छ।

तथ्यांकअनुसार कैलालीमा ९९.१२, कञ्चनपुरमा ९९.९८, डडेल्धुरामा ९१.०३, बैतडीमा ५७.६, डोटीमा ८०.४५, अछाममा ६४.४६, दार्चुलामा ८९.६४, बझाङमा ६६.७४ र बाजुरामा २९.२४ प्रतिशत विद्युतीकरण भएको छ। आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा सरकारले उज्यालो नेपाल अभियान घोषणा गरेको थियो। सो समयमा कैलालीमा ९५.२७, कञ्चनपुरमा ९७.५८, डडेल्धुरामा ७९.८४, बैतडीमा ३४.३६, डोटीमा ८१.१९, अछाममा ४५.३६, दार्चुलामा ४०.५८, बझाङमा २१.५८ र बाजुरामा १३.४४ प्रतिशत विद्युतीकरण भएको थियो। आठ जिल्लामा विद्युतीकरण भए पनि डोटी जिल्लामा भने घरधुरी बृद्धिको अनुपातमा विद्युतीकरण निकै कम भएकोले विद्युतीकरण प्रतिशत घटेको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार सुदूरपश्चिममा पाँच लाख ७६ हजार ७७२ घरधुरी छ। ती घरधुरीमध्ये तीन लाख ४५ हजार ४६३ घरधुरीमा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत पुगेको प्राधिकरणले जनाएको छ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार सुदूरपश्चिममा चार लाख ६८ हजार ८०५ परिवार विद्युत सेवाको पहुँच पुगेको छ। ९४ हजार ६ परिवारले सोलार, एक हजार ६४६ परिवारले मट्टितेल, २१० परिवारले वायोग्यास र १२ हजार १०५ परिवारले अन्य स्रोतबाट उज्यालो पाउने गरेका छन्। तथ्यांकअनुसार एक लाख २३ हजार ३४२ परिवारले स्थानीय लघु जलविद्युत आयोजनाबाट विद्युत प्रयोग गर्दै आएका छन्।

नेपाल विद्युत प्राधिकरण सुदूरपश्चिम प्रादेशिक कार्यालयका अनुसार प्रादेशिक कार्यालय र मातहतका वितरण केन्द्रमार्फत् भएको विद्युतीकरण गरेको तथ्यांकअनुसार ८६.५८ प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको हो। प्राधिकरणको केन्द्रीय कार्यालयले आयोजनामार्फत् पनि सुदूरपश्चिममा विद्युतीकरण गरिरहेको नेपाल विद्युत प्राधिकरण सुदूरपश्चिम प्रादेशिक कार्यालयका निर्देशक जंगबहादुर चन्दले आयोजनामार्फत् दार्चुला, बैतडी, बझाङ, बाजुरा र अछाम जिल्लामा विद्युतीकरण भइरहेको बताए।

'हामीले विद्युतीकरणका लागि प्रदेशका प्रत्येक जिल्लामा गर्नुपर्ने काम र लागत स्टिमेट गरी पठाएको थियौं,' निर्देशक चन्दले भने, 'एक जिल्लामा विद्युत विस्तार गर्न झण्डै एक अर्ब खर्च लाग्ने अनुमान छ। उज्यालो नेपाल कार्यक्रम अन्तर्गत निर्धारित मितिमा विस्तारको काम सक्न धेरै रकम लाग्ने भएपछि प्राधिकरणले ऋण लिने निर्णय गर्‍यो। विश्व बैंकले दिएको ऋण अनुदानबाट प्राधिकरणले प्रोजेक्ट खडा गरी कार्यान्वयन गरिरहेको छ। पहिलो चरणमा डोटी, अछाम, डडेल्धुरा र बैतडीमा काम भइरहको छ। यहाँ आउने आर्थिक वर्षमा सम्पन्न हुनसक्छ। दोस्रो चरणमा दार्चुला, बझाङ र बाजुरामा टेण्डर भएर काम भइरहेको छ। बझाङको एउटा प्याकेजमा टेण्डर डिफल्ट भएको कारण रिटेण्डर गर्नुपर्ने भएको छ। यो काम केन्द्रीय कार्यालयले गरिरहेकोले प्रादेशिक कार्यालयले डिलेट दिनसक्ने अवस्था छैन। कैलाली कञ्चनपुरमा विद्युतीकरणको काम लगभग सकिएको छ। प्राधिकरणको सम्बन्धित वितरण केन्द्रहरूले काम गरिरहेका छन्।'

प्राधिकरणले सुदूरपश्चिममा ३३ केभी प्रसारणलाइन ७८१, ११ केभी प्रसारण लाइन चार हजार ५४३, ४४०/२२० भोल्ट प्रसारण लाइन १५ हजार ७४० किलोमिटर विस्तार गरेको जनाएको छ। त्यसैगरी ३३ र ११ केभीको सबस्टेसन २५ वटा निर्माण भइसकेका छन् भने ती सबस्टेसनको क्षमता २२० एमभीए छ। सुदूरपश्चिममा तीन लाख ७२ हजार ५१२ ग्राहक रहेको प्राधिकरणले जनाएको छ जसमध्ये गार्हस्थ ग्राहक संख्या तीन लाख ४५ हजार ४६३ छन्। गैरगार्हस्थ एक सय, कमर्सियल २२ सय ४९, नन कमर्सियल चार हजार २०, औद्योगिक ३५ सय ७४, स्ट्रिट लाइट १२०, सिँचाइ १५ हजार ३६८, वाटर सप्लाई १९७, धार्मिक ७६१, आन्तरिक खपत ६४, अस्थायी ८२, ट्रान्सपोटेसन १७, मनोरञ्जन १, सामुदायिक ४९६ ग्राहक रहेका छन्। जसबाट वार्षिक ३७ करोड ५९ लाख ११ हजार ११ युनिट विद्युत खपत हुने गरेको प्राधिकरणले जनाएको छ। सुदूरपश्चिममा १० वटा ठूला जलविद्युत आयोजनाबाट १७५ मेगावटा विद्युत उत्पादन हुने गरेको छ।

# जलवायु परिवर्तनले कृषि उत्पादनमा असर

**सुदीप भण्डारी**

बुटवल- जलवायु परिवर्तनको असरका कारण बाली उत्पादनसमेत घट्दै गइरहेको नवलपरासी पश्चिमका कृषकले बताएका छन्। उनीहरूले उत्पादनमा असर नपर्ने खालका कार्यक्रम ल्याउन सरकारसँग आग्रह गरेका छन्। जलवायु परिवर्तनले कृषि उत्पादनमा पारेको असरबारे चाँदनी नेपालले जिल्लाको प्रतापपुर गाउँपालिकामा गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीले जलवायु परिवर्तनको असरबारे कृषकलाई सचेतना प्रदान गर्नुपर्ने उल्लेख गरे।

कार्यक्रममा लुम्बिनी प्रदेश सभाअन्तर्गत कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले जलवायु परिवर्तन आफैमा भयावह समस्या भएको बताए। उनले कृषि, उद्योग र वन मन्त्रालयमा छुट्टै जलवायु शाखा राख्नुपर्ने धारणा राखे।

नवलपरासी पश्चिमका प्रदेश सांसदसमेत रहेका पाठकले जलवायु परिवर्तनको असर प्रतापुर र सुस्ता गाउँपालिकामा परेको बताए। 'नारायणी नदीको किनार र चुरेको नजिक भएकाले यो क्षेत्रलाई जलवायु परिवर्तनको असरले च्यापिरहेको छ,' उनले भने, 'समय समयमा डुबान र बाढीको समस्या भइरहन्छ। जसले गर्दा कृषि उत्पादनमा असर पुगेको छ।'

अर्का प्रदेश सांसद देवकरण कलावरले नवलपरासी पश्चिममा जलवायु परिवर्तनको असरका कारण सिँचाइमा समेत समस्या आएको सुनाए। 'नारायणीको गण्डक नहर बन्दा नेपालतर्फ १० हजार हेक्टर सिँचाइ हुने भनिएको थियो। अहिले दुई हजार हेक्टर पनि सिँचाइ हुन सकेको छैन,' उनले भने।

प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादव जलवायु परिवर्तनको असर कसरी न्यूनीकरण गर्न सकिन्छ भन्नेमा पालिकाले चासो दिइरहेको जानकारी दिए। 'जलवायु परिवर्तनले कृषि उत्पादनमा पनि समस्या परेको छ। असर न्यूनीकरण गरी उत्पादकत्व बढाउने बारेमा पनि हामीले सोचेका छौं,' उनले भने, 'प्रतापुर ३ र ८ नम्बर वडा वर्षेनी बाढीले डुबानमा पर्छ। हामीले राहत बाँड्नेबाहेक केही गर्न सकेका छैनौं। प्रदेश र संघ सरकारबाट पहल हुनुपर्छ।' प्रतापपुरमा उखु र केराखेती निकै हुने र त्यसका लागि मल धेरै आवश्यक पर्ने बताए। यादवले प्रतापपुर र सुस्तालाई अन्य पालिका सरह मलको कोटा दिँदा अन्याय हुने भन्दै कोटा थप्नुपर्ने उल्लेख गरे। कार्यक्रममा वातावरण मामिलाका जानकार युवराज कँडेलले कार्यपत्र प्रस्तुत गर्दै जलवायु परिवर्तनको असरले विश्वव्यापी रूपमा तापक्रम वृद्धि भइरहेको बताएका थिए। उनले नारायणी नदी किनारको ठाउँ भएकाले नवलपरासी पश्चिम जलवायु परिवर्तनको जोखिममा रहेको उल्लेख गरे।

कृषि ज्ञान केन्द्र नवलपरासीका प्रमुख डा. रवीन्द्रनाथ चौवेले जलवायु परिवर्तनको बहुआयामिक असर परिरहेको भन्दै यसले कृषिमा अनिश्चतता प्रदान गर्ने बताए। 'जलवायु परिवर्तनले अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि, खण्डवृष्टिजस्ता समस्या देखापर्ने गर्दछ,' उनले भने, 'यसले कृषि उत्पादनमा प्रत्यक्ष प्रभाव पर्छ।' डुबान हुँदा कृषि बालीमा क्षति पुग्ने भन्दै चौवेले डुबान हुने ठाउँमा सोही अनुकूल बाली लगाउनु पर्ने बताए।

प्रदेश सरकारअन्तर्गत कृषि निर्देशनालयका मिलन गैरेले जलवायु परिवर्तनका कारण बालीमा नयाँनयाँ खालका रोगसमेत देखापरेको उल्लेख गरे। रोग पहिचान र यसको नियन्त्रणका लागि के गर्न सकिन्छ भन्नेबारे प्रदेश सरकारले डिजिटल, ब्रोसर, घुम्ती तालिममार्फत् विषादी सचेतनाका कार्यक्रम गरिरहेको उनले जानकारी दिए।

राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमका प्राविधिक अधिकृत गोविन्द पौडेलले जलवायु परिवर्तनको असरले कहिले धेरै वर्षा हुने र कहिले नहुने भन्दै वर्षा हुने अग्रिम सूचनालाई पनि ग्रहण गरेर किसानले तयारी गर्नुपर्ने उल्लेख गरे।

चाँदनी नेपालका कार्यकारी निर्देशक भवानीप्रसाद पाण्डेले जलवायु परिवर्तनको असर किसानमा परेकोले कृषि पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम गरेको जानकारी दिए। कार्यक्रममा पत्रकार महासंघ पश्चिम नवलपरासीका अध्यक्ष हरि शर्माले जलवायु परिवर्तनबारे किसानलाई सचेतना प्रदान गर्नुपर्ने उल्लेख गरे।

# भैरहवाका फार्मेसी र ल्याब नविकरणबिनै सञ्चालन

भैरहवा (कास)- भैरहवामा सञ्चालित अधिकांश औषधि पसल नगरपालिकामा नविकरणबिनै सञ्चालनमा रहेको पाइएको छ।

सिद्धार्थनगर नगरपालिकाले औषधि पसल तथा मेडिकल हल, एवम ल्याव अनुगमन गर्दा यस्तो पाइएको हो। नगर उपप्रमुख उमा अधिकारीको नेतृत्वमा बैंक रोड र भीम अस्पताल लाइनमा रहेका औषधि पसल, मेडिकल हल तथा ल्याबमा अनुगमन गरिएको थियो।

अनुगमनको क्रममा अधिकांश औषधि पसल नरपालिकामा नवीकरण नरिएको पाइएको अनुगमन समितिले जनाएको छ। 'त्यस्ता औषधि पसलहरुलाई पहिलो पटक तत्काल नवीकरण गर्न निर्देशन दिइएको छ', उपप्रमुख अधिकारीले भनिन्, 'निर्देशन नमानी नवीकरण नगरी अटेर गरेमा थप कारबाही गर्छौं।'

त्यस्तै म्याद गुज्रिएका औषधि छुट्टै राख्नु पर्ने, ल्यावहरुको सफाइमा ध्यान दिनुपर्ने, औषधि बिक्री गरेपछि अनिवार्यरुपमा बिल काट्नु पर्नेलायतका सुझाव दिएको नगरपालिकाकी स्वास्थ्य शाखा प्रमुख गीता न्यौपानेले बताइन्।

उनले नगगरपालिकाले नियमित अनुगमन गर्ने र सुझाव कार्यान्वयन भए-नभएको समेत हेर्ने बताइन्। नगर उपप्रमुख अधिकारी, वडा-५ का वडाध्यक्ष पुरनप्रसाद श्रेष्ठ, वडा-१३ का वडाध्यक्ष सोमबहादुर गुरुङ, नेपाल औषधि व्यवसायीसँग जिल्ला शाखा रुपन्देहीका सदस्य उमेशचन्द्र आचार्य, नगरपालिकाको स्वास्थ्य एवं राजस्व शाखाको टोलीको सहभागितामा अनुगमन गरेको हो।

अनुगमन समितिले रोशिक प्याथोलोजी, महाकाल फार्मेसी, आराध्या फार्मेसी, बाबा फार्मा, सिद्धार्थ प्याथोलोजी, आरम्भ मेडिकल हल, ढकाल प्याथोलोजी क्लिनिक, स्माइल फार्मा, अनुज फार्मा, जोशी प्याथोलोजी, बिराट मेडिकल, एभरेस्ट फार्मेसी, अर्घा मेडिकलहल, सेन्ट्रल फार्मेसी, बुद्ध एक्सरे, शाही अल्ट्रासाउण्ड, शारदा अल्ट्रासाउण्ड, ओम् प्याथोलोजी लायतमा अनुमन गरेको थियो।

# लुम्बिनीमा तीन मन्त्रीले लिए शपथ

काठमाडौं (कास)- लुम्बिनी प्रदेश सरकारका नवनियुक्त मन्त्रीहरूले पद तथा गोपनीयताको शपथ लिएका छन्। बिहीबार बुटवलमा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले उनीहरूलाई शपथ गराएका हुन्।

बर्दियाका जन्मजय तिमिल्सिनाले सामाजिक विकासमन्त्री, पश्चिम नवलपरासीका देवकरण कलवारले वन तथा वातावरणमन्त्री र बाँकेका आदेश अग्रवालले आन्तरिक मामिला तथा कानुनमन्त्रीका रूपमा शपथ लिए।

नवनियुक्त मन्त्री तिमिल्सिना र कलवार नेपाली कांग्रेस र अग्रवाल जनता समाजवादी पार्टी (जसपा)बाट प्रदेशसभा सदस्य छन्। लुम्बिनी प्रदेश सरकारमा मुख्यमन्त्रीसहित नेकपा (एमाले)का तर्फबाट पाँच, कांग्रेसका पाँच र जसपाका एक गरी मन्त्रीको संख्या ११ पुगेको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यले बुधबार प्रदेश मन्त्रिपरिषद् पुनर्गठनका निम्ति प्रदेश प्रमुखसमक्ष सिफारिस गरेका थिए

# सडक तथा सामुदायिक कुकुरलाई रेविजको खोप अभियान

विराटनगर (कास)- विराटनगर महानगरपालिकाले सडक तथा सामुदायिक कुकुरलाई रेविजविरुद्धको खोप लगाउन सुरु गरेको छ।

महानगरले विराटनगर-१९ बाट रेबिजविरुद्धको खोप लगाउन सुरु गरेको हो। सडक तथा सामुदायिक कुकुरले मानिसलाई टोकेमा रेबिज रोग नसरोस् भन्ने उद्देश्यले महानगरका सबै वडामा खोप लगाउन सुरु गरिएको भेटनरी अधिकृत हिरालाल यादवले जानकारी दिए।

आर्थिक विकास समितिका संयोजक श्याम घिमिरेको उपस्थितिमा पहिलो चरणमा विराटनगर-१९ का मिलन चोक, घिनाघाट, मुसरीटोललगायतका विभिन्न स्थानमा कुकुरलाई नियन्त्रणमा लिएर रेविजविरुद्धको खोप लगाइएको थियो। वडा-१९ का अध्यक्षसमेत रहेका घिमिरेले ब्यानर पढेर खोप अभियानको शुभारम्भ गरे।

# एकीकृत बस्तीका भवन उपयोगविहीन

खोटाङ (रासस)- दिक्तेल-रुपाकोट-मझुवागढी नगरपालिका-१५ विजयखर्कस्थित बसेरीमा निर्माण गरिएका एकीकृत बस्तीमा १९ वटा ट्रस भवन ठडिएका छन्। बीस घर भूकम्पपीडित र चार घर अन्य गरी २४ घर स्थानीय बासिन्दाका लागि भनेर निर्माण सुरु गरिएको 'रामनाथ बहुउद्देश्यीय एकीकृत बस्ती' नामकरण गरिएको एकीकृत बस्तीका ट्रस भवन अहिले अलपत्र अवस्थामा छन्।

झ्यालढोका थुन्न तथा ट्रस भवनभित्रको भुइँ ढलान गर्न बाँकी रहेको यो बस्तीको दुईवटा ट्रस भवनमा मात्र अहिले मानिस बसेका छन्। 'रामनाथ बहुउद्देश्य एकीकृत नमुना बस्ती' नाम दिइएको एकीकृत बस्तीमा शौचालय र खानेपानीको व्यवस्था छैन।

विसं २०७७ मा उद्घाटन गर्नेगरी निर्माण सुरु गरिएको एकीकृत बस्तीमा दुई करोडभन्दा बढी रकम खर्च भएको छ। सिंगल वाल (एउटामात्र ईँटा प्रयोग गरिएको गाह्रो) लगाइएको आठ फिट अग्लो भवनमा फलामे ट्रस अड्याएर कमसल किसिमको (२७ एमएमको) जस्तापाताको छाना हालिएको छ।

करिब एक करोड ५० लाख लगानीमा पूरा हुने भनेर निर्माण सुरु गरिएको एकीकृत बस्तीका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण भवन एकाई डिभिजन कार्यालय ओखलढुंगाको ६० लाख र घेराबारका लागि तत्कालीन १ नं प्रदेश (हाल कोशी प्रदेश) सरकारको १५ लाख लगानी छ। २० घर भूकम्पपीडितका तीन/तीन लाखको जम्मा ६० लाख रकमसमेत सोही ठाउँमा खर्च गरिएको छ।

एकीकृत बस्ती निर्माणका लागि स्थानीय शारदाप्रसाद ढकालले करिब २५ लाख मूल्यको साढे सात रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका थिए। नगरपालिकाको तर्फबाट आर्थिक सहयोगसँगै घडेरी सम्याउन, नक्सा निर्माण तथा पास गर्न र प्राविधिक सहयोगसमेत उपलब्ध गराइएको थियो।

विभिन्न कार्यक्रम गर्न आवश्यक सामुदायिक भवनसमेत निर्माण गरिने भनिएको उक्त एकीकृत बस्तीमा बालबालिकाका लागि छुट्टै बाल उद्यान, कक्षा ५ सम्म पढाइ हुने अंग्रेजी माध्यमको विद्यालय, मन्दिर, खेलमैदानलगायत रहने जनाइएको थियो। उक्त साँधुरो ठाउँमा अहिले बसोबासका लागि भनेर १९ ट्रस भवन र एउटा सामुदायिक भवनबाहेक कुनै संरचना निर्माण



गरिएको छैन।

निर्माणाधीन एकीकृत बस्तीका लागि आवश्यक रकम अभाव भएकै कारण सञ्चालन गर्न नसकिएको निर्माण उपभोक्ता समितिका संयोजक प्रमेश ढकालले बताए। 'एकीकृत बस्तीका लागि आवश्यक सबै भौतिक संरचना निर्माण गरेका थियौं, रकम अभावका कारण रङरोगन र झ्यालढोका थुनथान गर्न बाँकी थियो,' उनले भने, 'नगरपालिकाले करिब सात लाख बजेट उपलब्ध गराएको भए सञ्चालनमा ल्याउन सक्थ्यौं, बजेट अभाव भएकै कारण सञ्चालनमा ल्याउन नसकेपछि अहिले लाभग्राहीको नाममा पास गर्ने काम भइरहेको छ।'

एकीकृत बस्तीमा सञ्चालन गर्ने भनिएको विद्यालयका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग काठमाडौँका डाक्टर नरेश रिमालले ५० लाख उपलब्ध गराएको जनाइएको छ। काठमाडौँको झम्सीखेल निवासी डाक्टर रिमालले एकीकृत बस्तीका ट्रस भवनका लागि ३० लाख, आवश्यक फर्निचर निर्माणका लागि १० लाख र व्यवस्थापन खर्चका लागि बैंक खातामा १० लाख जम्मा गरेका थिए।

घरबासको अवधारणाअनुसार निर्माण गर्ने भनिएको एकीकृत नमुना बस्ती विसं २०७५ असोज ४ गते तत्कालीन नगर प्रमुख दीपनारायण रिजालले शिलान्यास गरेका थिए। नेपाल सरकारको अवधारणाअनुसार नगरपालिकाको पहलमा निर्माण सुरु गरिएको भनिएको एकीकृत नमुना बस्तीलाई देशकै नमुना बनाउने तत्कालीन नगर प्रमुख रिजालले दाबी गरेका थिए।

बसेरीमा निर्माण गरिएका एकीकृत बस्ती मापदण्डविपरीत रहेकाले सञ्चालनमा आउन नसकेको स्थानीय बासिन्दा एवम् नेपाली कांग्रेस विजयखर्कका सभापति सन्तोष राईले बताए। 'एकीकृत बस्ती भनेको मान्छे बस्नका लागि बनाइन्छ, बसेरीमा निर्माण गरिएका भौतिक संरचना हेर्दा एकीकृत बस्ती भएको छैन,' उनले भने, 'एकीकृत बस्ती निर्माण गर्ने नाममा राज्य कोष र भूकम्पपीडितले पाउने रकम अनियमितता भएको छ, यसप्रति सम्बन्धित निकायले छानबिन गरेर कारबाही गर्नुपर्छ।'

निर्माणाधीन अवस्थामै अलपत्र बनेको एकीकृत बस्तीमा सर्ने सहमति गरेका विजयखर्कका भूकम्पपीडित अहिले विसं २०७२ वैशाख १२ गते गएको भूकम्पले चर्किएका आ-आफ्नै घर मर्मत गरेर बसिरहेका छन्। बसेरीमा निर्माण गरिएका एकीकृत बस्तीका भवन व्यक्तिका नाममा पास गरिए पनि भौतिक संरचना तथा सेवा सुविधा हेरेर उनीहरू त्यहाँ सर्ने मनसायमा नरहेको स्थानीय किसन भुजेलले बताए।

राज्य कोषको रकम खर्च गरेर निर्माण सुरु गरिएको बहुउद्देश्यीय एकीकृत बस्ती सञ्चालनमा अहिलेसम्म नगरपालिकाले समेत चाँसो दिएको छैन।


# कर्णालीमा नौ सयभन्दा बढी स्वास्थ्य संस्था सुगममा

**हेमन्त केसी**

वीरेन्द्रनगर- कर्णालीका १० जिल्लामा ९४१ वटा स्वास्थ्य संस्था रहेका छन् । १९ प्रकारका विभाजित १० जिल्लामा ९४१ स्वास्थ्य संस्था चालु अवस्थामा रहेको स्वास्थ्य सेवा निर्देशनालयका सूचना अधिकारी नवराज कँडेलले जानकारी दिए ।

यीमध्ये जुम्ला र सुर्खेतमा जिल्ला अस्पताल नभएको तथ्यांकमा देखिएको छ । जुम्लामा कर्णाली स्वास्थ्य प्रतिस्ठान रहेको छ भने पालिकामा रहेका स्वास्थ्य संस्था हुन् । संघ सरकारले अनुदान दिएर निर्माण गर्न लागेका यी प्राथमिक अस्पताल रहेका छन् । प्रदेशमा डायग्नोस्टक सेन्टर एक रहेको छ । गैरसरकारी संस्थाले सञ्चालन गरेका २२ स्वास्थ्य संस्था रहेका छन् ।

डोल्पा, मुगु, हुम्ला र जाजरकोटमा यस्ता खालका स्वास्थ्य संस्था नभएको तथ्यांकमा उल्लेख रहेको छ । जुम्लामा एक, कालिकोटमा एक, दैलेखमा सातवटा, रुकुम पश्चिममा एक, सल्यानमा एक र सुर्खेतबाहेक आठवटा रहेका छन् । निजी अस्पतालको संख्या आठवटा रहेको छ । रुकुम पश्चिममा चार र सुर्खेतमा चारवटा निजी अस्पताल रहेका छन् । अन्यआठ जिल्लामा निजी अस्पताल नभएको पाइएको छ । प्राथमिक स्वास्थ्य केन्द्रको संख्या कर्णालीमा ११ वटा रहेकामा सबैभन्दा बढी सुर्खेतमा रहेको पाइएको छ । सुर्खेतमा तीन, सल्यानमा दुई, रुकुम पश्चिममा एक, जाजरकोटमा एक, दैलेखमा दुई, जुम्लामा एक र मुगुमा एक वटा रहेको पाइएको छ । यो



सुर्खेतमा प्रदेश अस्पताल लगायतका स्वास्थ्य संस्था रहेका छन् । सेकेडरी अस्पताल सुर्खेतमा एक रहेका छन् । आधारभूत स्वास्थ्य केन्द्रको संख्या ३१४ वटा रहेको छ । डोल्पामा २०, मुगुमा २२, हुम्लामा आठ, जुम्लामा २१, कालिकोटमा ४८, दैलेखमा २५, जाजरकोटमा ४४, रुकुम पश्चिममा ४४, सल्यानमा ३२, सुर्खेतमा ५० गरेर जम्मा ३१४ वटा रहेको निर्देशनालयले जानकारी दिएको छ । सबैभन्दा ठूलो जिल्ला डोल्पामा सबैभन्दा कम रहेका छन् । त्यहाँका पालिकामा आधारभूत अस्पताल सञ्चालनमा नरहेको अवस्था छ । १५ शैयाको जिल्ला अस्पतालबाहेक अन्य २३ वटा हेल्थ पोष्टमात्र रहेका छन् । स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको हिसाबमा डोल्पा कमजोर देखिएको छ ।

कोरोनाको समयमा सञ्चालनमा ल्याइएको एक वटा कोभिड स्वास्थ्य संस्था रहेको रेडर्कमा देखिएको छ । सामान्य अस्पतालको रुपमा कर्णालीमा तीनवटा मात्र रहेको पाइएको छ । प्राथमिक अस्पतालको संख्या २१ वटा रहेकोमा मुगुमा एक, हुम्लामा एक, कालिकोटमा पाँच, दैलेखमा चार, जाजरकोटमा तीन, रुकुम पश्चिममा चार, सल्यानमा दुई र सुर्खेतमा एक वटा रहेको छ । यी र सुर्खेतमा ११ वटा रहेको पाइएको छ । यो तथ्यांकले के देखाउँछ भने दुर्गमभन्दा सुगममा सबै भन्दा बढी स्वास्थ्य संस्था सञ्चालनमा रहेको छन् । सहरी स्वास्थ्य केन्द्रको संख्य कर्णालीमा जुम्लामा एक, दैलेखमा पाँच, रुकुम पश्चिममा १०, सल्यानमा पाँच र सुर्खेतमा १० वटा रहेको निर्देशनालयले जनाएको छ । यो तथ्यांकले पनि सुगम क्षेत्रमा बढी स्वास्थ्य संस्थाको संख्या देखिएको छ । यस्ता खालका स्वास्थ्य संस्था कर्णालीका डोल्पा, मुगु, हुम्ला, कालिकोट र जाजरकोटमा नभएको देखाएको छ ।

कर्णालीका १० जिल्लामा हेल्थ पोष्टको संख्या सबैभन्दा बढी छ । डोल्पामा २३, मुगुमा २४, हुम्लामा २६, जुम्लामा २९, कालिकोटमा २७, दैलेखमा ५५, जाजरकोटमा ३०, रुकुम पश्चिमा २५, सल्यानमा ४४ र सुर्खेतमा ४७ वटा रहेका छन् । सबै गरेर कर्णालीमा ३३० वटा रहेको निर्देशनालयले जानकारी दिएको छ । यो तथ्यांकले पनि दुर्गमभन्दा सुगममै बढी हेल्थ पोष्ट रहेको देखाएको छ । संस्थागत क्लिनिकको संख्या कर्णालीमा सुर्खेतमा दुईवटा मात्र रहेको पाइएको छ । जिल्ला अस्पतालको संख्य कर्णालीमा आठवटा रहेको छ । जुम्ला तथ्यांकले पनि सुगममै बढी रहेको देखिएको देखाएको छ ।

विभिन्न प्रकारका स्वास्थ्य संस्था गरेर डोल्पामा ५१ वटा, मुगुमा ६५, हुम्लामा ५५, जुम्लामा ६१, कालिकोटमा ९४, दैलेखमा १२०, जाजरकोटमा ९६, रुकुम पश्चिममा ९६, सल्यानमा एक सय र सुर्खेतमा २०३ गरेर जम्मा प्रदेशभरि ९४१ वटा स्वास्थ्य संस्था रहेको निर्देशनालयले जनाएको छ । यो तथ्यांक विश्लेषण गर्दा दुर्गमभन्दा सुगम जिल्लामा नै बढी स्वास्थ्य संस्था र पहुँच रहेको देखिन्छ । हिमाली जिल्लामा स्वास्थ्य सेवाको पहुँच सबैभन्दा कम देखिएको छ ।

स्वास्थ्यमा सहज रुपमा पहुँच नहुँदा अघिल्लो आवमा मात्र जाजरकोटबाट सात, डोल्पाबाट १२, हुम्लाबाट ६, रुकुम पश्चिमबाट सात, दैलेखबाट तीन र कालिकोटबाट पाँच गरेर ४० जना सुत्केरी तथा गर्भवतीको हेलिकोप्टरबाट उद्धार गरेर प्रदेश अस्पताल तथा नेपालगन्ज, काठमाडौंसम्म पुऱ्याएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत राष्ट्रपति महिला सशक्तीकरण परियोजना राष्ट्रपति महिला उत्थान समन्वय एकाइको हवाई उद्धार सम्पर्क व्यक्ति इन्दिरा आचार्यले दिएको जानकारी अनुसार यो मात्रामा सरकारले उद्धार गरेको थियो । सवारी दुर्घनाबाट समेत धेरै मानिसको अकालमै ज्यान जाने गरेको छ । समयमै उपचार नपाउदा कर्णालीमा मृत्यु हुनेको संख्य ठूलै छ ।

कर्णालीका पाँच जिल्लामा अस्पताल निर्माण हुँदै

कर्णालीका पाँच जिल्लाका अस्पताल निर्माणकार्य तीव्र बनाएको छ । सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा उक्त अस्पताल निर्माण कार्य तीव्र बनाएको हो ।

डोल्पा, सल्यान, रुकुम पश्चिम, हुम्ला, दैलेखमा अस्पताल निर्माण कार्य जारी रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । २०७९/०८० मै निर्माण हुनुपर्ने यी अस्पताल तोकिएको समयमा निर्माण नभएपछि आव २०८०/०८१ मा रुकुम, दैलेखमा मात्र म्याद थप भएको छ । प्रशासन तथा योजना अनुगमन महाशाखा प्रमुख सुवर्णकुमार खड्काले दुई जिल्लाको अस्पतालको म्याद थप भएको बताए । केही अस्पतालको अघिल्लो वर्ष म्याद थप भएको भए यो वर्ष म्याद थप गर्न नपर्ने पनि उनले बताए ।

यसैबीचमा डोल्पा अस्पतालको निर्माण कार्य सम्पन्न भई हस्तान्तरण भइसकेको छ । अन्य सल्यान अस्पतालको भवन ६२ प्रतिशत भएको मन्त्रालयले प्रगति विवरणमा राखेको छ । त्यस्तै रुकुम अस्पतालको ८० काम सकिएको भन्दै मन्त्रालयले यो आवमा सम्पन्न गर्नका लागि थप बजेट विनियोजन गरेको जानकारी दिइएको छ । सल्यान र रुकुम पश्चिमका अस्पताल निर्माणका लागि चालु आवको हालसम्म कुनै पनि रकम खर्च नभएको मन्त्रालयले जनाएको छ । हुम्ला अस्पतालको निर्माणकार्य जारी छ ।

उक्त अस्पतालको ६५ प्रतिशत भौतिक प्रगति रहेको चालु आवमा छुट्याएको बजेटबाट ६ लाख भुक्तानीसमेत लिएको मन्त्रालयले प्रगति विवरणमा सार्वजनिक गरेको छ । दैलेख अस्पतालको भौतिक प्रगति हालसम्म ४० प्रतिशतमात्र भएको छ । अन्य अस्पतालसँगै लगाएको ठेक्का भए पनि दैलेख अस्पतालको काम निरासाजनक रहेको पाइएको छ । यी सबै ठेक्का आव २०७९/८० मै सम्पन्न गर्नुपर्ने भए पनि हालसम्म म्याद थप गरेर निर्माण कार्य जारी राखिएको छ । अधुरा भौतिक संरचना निर्माण गर्नका लागि मन्त्री तथा सचिवस्तरीय टोलीले जिल्लामा गएर अनुगमन गरेको प्रगति विवरणमा उल्लेख छ । अनुगमन पश्चात म्याद थपका काम भएको सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले जानकारी दिए ।



**प्रयोगविहीन विद्यालय**ः रुकुम पश्चिमको चौरजहारी नगरपालिका-६ खागलस्थित जनकल्याण माध्यमिक विद्यालयका प्रयोगविहीन भवन । पहिरोको जोखिमका कारण यहाँबाट विद्यालय रातामाटा सरेपछि उक्त भवनहरू प्रयोगविहीन भएका हुन् । *तस्बिरः दीपक बोहरा/रासस*

# धादिङमा ७७ हजार नागरिक स्वास्थ्य बिमामा आबद्ध

**राजेन्द्र बस्नेत**

धादिङ- नेपाल सरकारले स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच बढाउन ल्याएको स्वास्थ्य बिमा कार्यक्रम धादिङ जिल्लामा खासै प्रभावकारी हुन सकेको छैन । गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आमनागरिकको सहज पहुँच सुनिश्चित गर्ने स्वास्थ्य बिमा ऐन २०७४ ले परिकल्पना गरेको छ । यस जिल्लामा २०७६ साल माघ ७ गतेबाट शुभारम्भ भएको स्वास्थ्य बिमा कार्यक्रममा २०८१ भदौ महिनासम्ममा ७७ हजार १०६ जना मानिसले स्वास्थ्य बिमा गराएका छन् । जिल्लामा तीन लाख २५ हजार ७१० जनसंख्या रहेको छ । हालसम्म २३ दशमलव ६७ प्रतिशत मानिसले मात्र स्वास्थ्य बिमा गरेका छन् । जिल्लाका १३ वटा स्थानीय तहमा एक सय चारवटा वडामा स्वास्थ्य बिमा सहयोगी परिचालन गरिएको छ ।

प्रत्येक वडामा कम्तीमा एक जना स्वास्थ्य बिमा दर्ता सहयोगी हुने व्यवस्था छ । त्यसका लागि वडाध्यक्षको संयोजकत्वमा वडा सचिव सदस्य र सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव रहेको समितिले दर्ता सहयोगी सिफारिस गर्ने व्यवस्था छ । तर जनप्रतिनिधि, स्वास्थ्य संस्थाका कर्मचारी, महिला स्वयंसेविका, राजनीति दलका स्थानीय अगुवा, समाजसेवीले नै स्वास्थ्य बिमा कार्यक्रमको महत्व बुझ्न नसकेको धादिङमा स्वास्थ्य विकासमा कार्यक्रममा आबद्ध भएका मानिसको संख्याबाट पुष्टि हुन्छ । स्वास्थ्य बिमा निवमावलीमा भएको व्यवस्थाअनुसार पाँच जनासम्मको परिवारलाई एक इकाई मानेर तीन हजार पाँच सय रुपैयाँमा एक लाख रुपैयाँ बराबरको स्वास्थ्य बिमा हुने व्यवस्था छ । पाँच जनाभन्दा माथि सदस्य भएका परिवारको हकमा प्रतिव्यक्ति सात सय रुपयाँ थपेर स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन पाउने र बढीमा दुई लाखसम्मको स्वास्थ्य बिमा दाबी गर्न वा लिन पाउने व्यवस्था छ । महिला स्वास्थ्य स्वयंसेविकाको परिवारले ५० प्रतिशत छुट पाउने व्यवस्था छ । ७० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिक एक जनालाई एक इकाई मानेर, अतिअशक्त अपांगता भएका परिवार र एचआईभी, कुष्ठरोगी, एमडीआर टिभी रोग लागेका परिवारलाई निःशुल्क स्वास्थ्य बिमा गर्ने कार्यक्रम व्यवस्था रहेको स्वास्थ्य बिमा बोर्ड धादिङका संयोजक संगम अर्यालले बताए ।

स्वास्थ्य बिमा बोर्ड धादिङको गत भदौ महिनासम्मको तथ्यांकअनुसार धुनीवेसी नगरपालिकामा नगद तिरेर पाँच हजार ५१३ महिलासहित १० हजार नौ सय, महिला स्वयंसेविका परिवारको ४० महिलासहित ६९ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ७०८ महिलासहित एक हजार ३७५ जना, अतिअशक्त अपांगता भएका ७१ महिलासहित १४५ जना गरी १२ हजार ४८९ जनाले स्वास्थ्य बिमा गरेका छन् । यसैगरी थाक्रे गाउँपालिकामा नगद तिरेर एक हजार ७५४ महिलासहित तीन हजार ५२९ जना, महिला स्वयंसेविका परिवारको ५१ महिलासहित ८८ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ६६८ महिलासहित एक हजार ३१९ जना, अतिअशक्त अपांगता भएका ७२ महिलासहित १३२ जना र तोकिएको रोग एक महिलासहित तीन जना गरी पाँच हजार ७१ जनाले स्वास्थ्य बिमा गरेका छन् । यसैगरी नीलकष्ठ नगरपालिकामा नगद तिरेर सात हजार ३९९ महिलासहित १४ हजार २६४ जना, महिला स्वयंसेविका परिवारको १३८ महिलासहित २५१ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक एक हजार ९१३ महिलासहित तीन हजार ६८४ जना, अतिअशक्त अपांगता भएका १९१ महिलासहित ३८४ जना र तोकिएको रोग ५८ महिलासहित १२७ जना गरी पाँच हजार ७१ जनाले स्वास्थ्य बिमा गरेका छन् । खनियावास गाउँपालिकामा नगद तिरेर एक सय एक महिलासहित २०३ जना, महिला स्वयंसेविका परिवारको एक महिलासहित दुई जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक २६९ महिलासहित ५१९ जना, अतिअशक्त अपांगता भएका २६ महिलासहित ५५ जना र तोकिएको रोग एक महिलासहित दुई जना गरी ७७१ जनाले स्वास्थ्य बिमा गरेका छन् ।

यसैगरी गजुरी गाउँपालिकामा नगद तिरेर दुई हजार ६०७ महिलासहित पाँच हजार १४५ जना, महिला स्वयंसेविका परिवारको ४१ महिलासहित ७४ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ५०८ महिलासहित एक हजार ३५ जना, अतिअशक्त अपांगता भएका १३८ महिलासहित २७३ जना गरी ६ हजार ५२७ जनाले स्वास्थ्य बिमा गरेका छन् । गल्छी गाँउपालिकामा नगद तिरेर दुई हजार १२५ महिलासहित चार हजार २२४ जना, महिला स्वयंसेविका परिवारको २२ महिलासहित ५३ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ५८९ महिलासहित एक हजार २१६ जना, अतिअशक्त अपांगता भएका १३७ महिलासहित २५४ जना र तोकिएको रोग सात महिलासहित १३ जना गरी पाँच हजार ७६० जनाले स्वास्थ्य बिमा गरेका छन् । यसैगरी बेनीघाट रोराङ गाउँपालिकामा नगद तिरेर दुई हजार ३६१ महिलासहित चार हजार ६९३ जना, महिला स्वयंसेविका परिवारको १७ महिलासहित ३५ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ५०३ महिलासहित एक हजार ६५ जना, अतिअशक्त अपांगता भएका १४७ महिलासहित २५८ जना गरी ६ हजार ५१ जनाले स्वास्थ्य बिमा गरेका छन् । नेत्रावती दवजोङ गाउँपालिकामा नगद तिरेर २६२ महिलासहित ४९२ जना, महिला स्वयंसेविका परिवारको ३३ महिलासहित ६२ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ४२० महिलासहित ८२३ जना, अतिअशक्त अपांगता भएका २४ महिलासहित ४७ जना र तोकिएको रोग एक पुरुष गरी एक हजार ४२५ जनाले स्वास्थ्य बिमा गरेका छन् ।

यसैगरी रुवीभ्याली गाउँपालिकामा नगद तिरेर १०७ महिलासहित २४२ जना, महिला स्वयंसेविका परिवारको २१ महिलासहित ३९ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक १७४ महिलासहित ३०८ जना, अतिअशक्त अपांगता भएका ११ महिलासहित २० जना गरी ६०९ जनाले स्वास्थ्य विमा गरेका छन् । गंगाजमूना गाउँपालिकामा नगद तिरेर एक हजार १५८ महिलासहित दुई हजार १६७ जना, महिला स्वयंसेविका परिवारको २० महिलासहित ३५ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ४५८ महिलासहित ८८० जना, अतिअशक्त अपांगता भएका १७ महिलासहित ३९ जना गरी तीन हजार १२१ जनाले स्वास्थ्य बिमा गरेका छन् । सिद्धलेक गाउँपालिकामा नगद तिरेर एक हजार ८३९ महिलासहित तीन हजार ५१५ जना, महिला स्वयंसेविका परिवारको ५० महिलासहित ११० जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ७१३ महिलासहित एक हजार ४४० जना, अतिअशक्त अपांगता भएका ९७ महिलासहित १९४ जना र तोकिएको रोग दुई महिलासहित पाँच जना गरी पाँच हजार २६४ जनाले स्वास्थ्य बिमा गरेका छन् । त्रिपुरासुन्दरी गाउँपालिकामा नगद तिरेर एक हजार ६४८ महिलासहित तीन हजार १८८ जना, महिला स्वयंसेविका परिवारको ६३ महिलासहित १२३ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक ७४६ महिलासहित एक हजार ५११ जना, अतिअशक्त अपांगता भएका १९३ महिलासहित ४१५ जना र तोकिएको रोग आठ महिलासहित १६ जना गरी पाँच हजार २५३ जनाले स्वास्थ्य बिमा गरेका छन् । ज्वालामुखी गाउँपालिकामा नगद तिरेर एक हजार ८८८ महिलासहित तीन हजार ७२९ जना, महिला स्वयंसेविका परिवारको ९६ महिलासहित १९८ जनाले बिमा गरेका छन् । ज्येष्ठ नागरिक एक हजार १० महिलासहित एक हजार ९७५ जना, अतिअशक्त अपांगता भएका ६७ महिलासहित १२९ जना र तोकिएको रोग ६ महिलासहित नौ जना गरी ६ हजार ४० जनाले स्वास्थ्य बिमा गरेका छन् ।

प्रत्येक वडामा रहेका स्वास्थ्य बिमा सहयोगीले घरघरमा गएर स्वास्थ्य बिमा गराउने गरेका छन् । धादिङको जनसंख्या २०७८ अनुसार तीन लाख २५ हजार ७१० रहेको छ । गत भदौ मसान्तसम्म ७७ हजार १०६ जनाको मात्र स्वास्थ्य बिमा भएको छ । स्वास्थ्य बिमा गरेको तीन महिनापछि मात्र बिमितले स्वास्थ्य बिमा गरेवापतको भुक्तानी दाबी गर्न पाउने व्यवस्था छ ।

## नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१/०६/२० मा सम्पन्न बार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८१/०७/०६ गतेको निर्णय अनुसार **मनिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप (नेपाल) प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी **नेपाल मनीपाल एजुकेशन एण्ड मेडिकल ग्रुप प्राइभेट लिमिटेड** (Nepal Manipal Education And Medical Group Private Limited) कायम गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**नेपाल मनीपाल एजुकेशन एण्ड मेडिकल ग्रुप प्राइभेट लिमिटेड**
**(Nepal Manipal Education And Medical Group Private Limited)**
पोखरा म.न.पा. वडा नं. ११, कास्की, गण्डकी प्रदेश

## नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१/०५/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८१/०६/०७ गतेको निर्णय अनुसार **एस.एन.बि. लिजिङ्ग एण्ड म्यानेजमेन्ट प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी **एस.एन.बि. हस्पिटालिटी एण्ड म्यानेजमेन्ट प्राइभेट लिमिटेड** (S.N.B. Hospitality And Management Private Limited) कायम गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएकोछ ।

**एस.एन.बि. हस्पिटालिटी एण्ड म्यानेजमेन्ट प्राइभेट लिमिटेड**
**(S.N.B. Hospitality And Management Private Limited)**
काठमाण्डौ म.न.पा. वडा नं. ४, बागमती प्रदेश

बाबियाखर्क
बचत तथा ऋण सहकारी संस्था लि.
Babiyakharka Savings & Credit Co-operative Society Ltd.
नेफ्स्कून
मुख्य कार्यालय : का.म.न.पा.-३१, शान्तिनगर, ॐ शान्तिचोक, काठमाण्डौ, इमेल : bksaccos@yahoo.com, फोन नं. ०१-४१०८४८३

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशिन मिति :२०८१/०७/०९)

यस संस्थालाई तपशिल अनुसारको योग्यता पुगेका कर्मचारीहरु खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले सार्वजनिक विदाको दिनदेखि बाहेक ७ (सात) दिन भित्र निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| पद/तह | सेवा | नियुक्तिको किसिम | संख्या | सेवा सुविधा | न्यूनतम शैक्षिक योग्यता | विशेष योग्यता | उमेर | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|---|
| वरिष्ठ सहायक (पाँचौं) | प्रशासन/ लेखा | करार | १ (एक) | संस्थाको नियमानुसार | व्यबस्थापन बिषयमा १०+२ वा सो सरह उतिर्ण गरेको | २ वर्ष सहकारी वा वित्तिय संस्थामा काम गरेको, स्नातक तह उतिर्ण गरेकोलाई ग्राह्यता, कम्प्युटरमा दक्ष | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको । | लिखित र प्रयोगात्मक, अन्तरवार्ता |
| सहायक (चौंथो) | प्रशासन/ लेखा | करार | १ (एक) | संस्थाको नियमानुसार | व्यबस्थापन बिषयमा १०+२ वा सो सरह उतिर्ण गरेको | सहकारी वा वित्तिय संस्थामा काम गरेकोलाई ग्राह्यता, कम्प्युटरमा दक्ष | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको । | लिखित र प्रयोगात्मक, अन्तरवार्ता |

१) **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**
क) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी
ख) अनुभव तथा तालिम सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी
ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
ङ) कम्तीमा दुई पाङ्ग्रे सवारीचालक अनुमती पत्रको प्रतिलिपि
च) ब्यक्तिगत बिबरण (बायोडाटा)
२) **आवेदन शुल्क** : निःशुल्क
३) प्रारम्भिक रुपमा छनौट भएकालाई मात्र लिखित परिक्षामा सहभागी गराइने छ ।
४) आवेदन संस्थाको वेभसाइड www.babiyakharkasaccos.com.np मार्फत वा मुख्य कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ ।
५) लिखित परिक्षाको पाठ्यक्रम संस्थाको वेभसाइडमा हेर्न सकिनेछ ।
६) **लिखित परिक्षा मिति** : २०८१ कार्तिक २४ गते शनिवार बिहान ११ वजेदेखि संचालन गरिनेछ ।

## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति २०८१/०७/०९ गतेको कारोबार राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८१/०७/१६ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण:

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| सुनसरी | ईनरुवा न.पा. | ५/५क | २६४७ | १६९.३२ | घरजग्गा |
| | | ५/५क | २६८७ | १६९.३२ | |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## नख्खु खोलाको पानी आजबाट

काठमाडौं (रासस)- गत असोज १२ गतेको अविरल वर्षासँगैको बाढीका कारण मुहानसहित पाइप लाइन बगाएर बन्द भएको ललितपुरको नख्खु खोलाको पानी बिहीबार सुन्दरीघाटको पानी प्रशोधन केन्द्रमा ल्याइएको छ ।

खानेपानीमन्त्री प्रदीप यादवले नख्खु खोलामा बाढीले बगाएका पाइपलाइन मर्मतसहित बगाएका पाइप नयाँ जडान गरी पानी ल्याउनका लागि निर्देशन दिएसँगै काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को प्राविधिक लगायतको टोलीले बिहीबार बिहान ४ बजे पानी ल्याउन सफल भएको केयुकेएलका प्रमुख कार्यकारी निर्देशक अशोक पौडेलले बताए ।

# नेप्से १८.२५ अंकले घट्यो, कारोबार रकममा पनि गिरावट




काठमाडौं (कास)- नेप्से परिसूचक १८.२५ अंकले घटेको छ। यस दिन नेप्से ०.६८ प्रतिशतले घटेर २६२७.१४ विन्दुमा बन्द भएको छ।

बिहीबार कारोबार रकम पनि अघिल्लो दिनको तुलनामा घटेको छ। गत कारोबार दिन अर्थात् बुधबार छ अर्ब २७ करोडको कारोबार भएकोमा यस दिन पाँच अर्ब ४१ करोडको कारोबार भएको छ। अघिल्लो दिनको तुलनामा कारोबार रकममा ८६ करोड रूपैयाँ कमी आएको हो।

यस दिन ३१७ वटा धितोपत्रको एक करोड २२ लाख ८३ हजार ६२३ कित्ता सेयर किनबेच भएको हो। बिहीबार ६७ कम्पनीको सेयर मूल्य बढेको छ भने १७० वटाको घटेको छ। यस्तै, सात कम्पनीको मूल्य स्थिर रहेको छ।

यस दिन नेपाल एसबिआई बैंकको सेयर मूल्य सर्वाधिक ९.७५ प्रतिशतले बढेर प्रति कित्ता मूल्य ५३० रूपैयाँ कायम भएको छ। यसैगरी, पिपुल्स हाइड्रोपावरको मूल्य ८.०५ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य ५०८ रूपैयाँ ८० पैसा पुगेको छ।

यस्तै, रावा इनर्जीको मूल्य सर्वाधिक १० प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ७९९ रूपैयाँ २० पैसामा झरेको छ।

एनआइबिएल समृद्धि फण्ड-२को मूल्य ५.७३ प्रतिशतले घटेको छ। उक्त योजनाको इकाइ मूल्य ८ रूपैयाँ ३९ पैसा कायम भएको छ। बिहीबार एनएलजी इन्स्योरेन्सको सर्वाधिक कारोबार भएको छ। कम्पनीको प्रतिकित्ता मूल्य एक हजार ३५७ रूपैयाँमा ३४ करोड ३१ लाखको सेयर कारोबार भएको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा ३.०४ प्रतिशत बढेको हो।

बिहीबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये जलविद्युत समूहको परिसूचक ०.३६ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहको परिसूचक घट्दा समग्र नेप्से घटेको हो। यस दिन व्यापार समूहको परिसूचक सर्वाधिक १.९३ प्रतिशतले घटेको छ भने दोस्रोमा उत्पादन तथा प्रशोधन समूहको परिसूचक १.२६ प्रतिशतले घटेको छ।

# जापानी इन्सेफ्लाइटिसको संक्रमणबाट कोशीमा ६ को मृत्यु

विराटनगर (कास)- कोशी प्रदेशमा जापानी इन्सेफ्लाइटिस (जेई) संक्रमण बढ्दै गाएको छ। जेई संक्रमणबाट मृत्यु हुनेको संख्या ६ जना पुगेको छ।

कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयकी प्रवक्ता आस्था थापाले दिएको जानकारी अनुसार बिहीबारसम्म सुनसरीमा ३, झापामा २ र उदयपुरमा एक जनाको जेइ संक्रमणबाट मृत्यु भएको छ।

मृत्यु हुनेमा पुरुष चार र दुईजना महिला रहेका छन्। चार जना नाबालक रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। जापानी इन्सेफ्लाइटिस संक्रमणका १६ जना बिरामी रहेका छन्। गत वर्षको तुलनामा यस वर्ष मृत्यु संख्या बढेको देखिएको छ। गत वर्ष जापानी इन्सेफ्लाइटिस संक्रमणबाट एक जनाको पनि मृत्यु नभएको कोशी प्रदेशमा अहिलेसम्म ६ जनाको मृत्यु भएको स्वास्थ्य निर्देशानलय कोशी प्रदेशका निर्देशक डा. सुरेश मेहताले जानकारी दिए। उनले भने, 'जेइको संक्रमणको मृत्युदर पनि उच्च छ। रोकथामका लागि काम थालिसकेका छौं।'

जापानी इन्सेफलाइटिस (जेइ) संक्रमित उदयपुर बेलका नगरपालिका-६ का १२ वर्षीय बालक ७१ दिनदेखि अस्पतालको शैय्यामा जीवन मरणको दोसाधमा रहेका छन्। उनको उपचार विराट मेडिकल कलेज भेन्टिलेसनमा राखेर उपचार भइरहेको छ। उनको अवस्था गम्भीर रहेको उपचारमा संलग्न चिकित्सकले बताएका छन्। जेइ संक्रमित बिरामीका आफन्तहरूले छोराको उपचार गर्न नसक्ने भएको भन्दै सहयोगको लागि अपिल गरेका छन्।

छोराको उपचार राज्यले गरिदिनुपर्ने परिवारले माग राखेका छन्। छोराको उपचार गर्दा भएभरको सम्पत्ति सकिएसँगै हार मानेर उनले असोज २० गते स्वास्थ्य मन्त्रालयलबाट सहयोगको चिठी लिएर अस्पतालमा आएका छन्। तर, अस्पतालले केही रकम छुट मात्र गर्नसक्ने भन्दै पूर्ण रुपमा छुट दिन नसक्ने अस्पतालले बताएको छ।

उपचारमा संलग्न विराट मेडिकल कलेजका बालरोग विशेषज्ञ डा. रामभक्त सुवेदीले जापानी इन्सेफलाइटिस संक्रमित बालकको स्वास्थ्य अवस्था गम्भीर रहेको बताए। अहिले भेन्टिलेसनमा राखेर उपचार गरेको उनले बताए। पछिल्लो समयमा जेइ संक्रमित बिरामीको अस्पताल आउने क्रम बढेको उनको भनाइ। शनिबार जेइ संक्रमित एक विरामीको उपचारको क्रममा विराटमा मृत्यु भएको थियो। जापानी इन्सेफलाइटिस क्युलेक्स जातको पोथी लामखुट्टेले सार्ने गरेको छ। यो रोग लागेपछि कडा टाउको दुखाइ, उच्च ज्वरो र मस्तिष्क सुन्निने जस्ता लक्षण देखिन्छ। उपचारपछि निको भए पनि पक्षघातको समस्या रहन सक्ने चिकित्सकले बताएका छन्।

# मर्यादित भएर चाडपर्व मनाउन आग्रह

काठमाडौं (कास)- जिल्ला प्रशासन कार्यालय काठमाडौंले मर्यादित भएर व्यवस्थितरूपमा चाडपर्व मनाउन आग्रह गरेको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बिहीबार सूचना जारी गर्दै चाडपर्वको समयमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला तथा झैझगडा गर्ने, मादक पदार्थ सेवन गरेर सामाजिक जनजीवन, मर्यादा र शान्ति खलल गर्ने काम नगर्न आग्रह गरेका छन्।

जिप्रका काठमाडौंले कानुन विपरीत जुवातास, लंगुर बुर्जा खेल्ने/खेलाउने, भूइँचम्पा, पटाका, अतीसबाजीजस्ता विपद् निम्त्याउने, वातावरण प्रदूषण हुने विस्फोटक तथा प्रज्वलनशील पदार्थको प्रयोग, ओसारपसार, बिक्री वितरणलगायत कार्य नगर्न/नगराउन पनि अनुरोध गरेको छ। 'कानुनले निषेध गरेका गतिविधि गरे/गराएमा कानुनबमोजिम कारबाही गरिने बेहोरा समेत सूचित गरिन्छ,' सूचनामा भनिएको छ।

तिहार तथा छठलगायत पर्व मर्यादित भएर मनाउन जिप्रका काठमाडौंले सबैलाई आग्रह गरेको छ। सूचनामा उल्लेखित कुराको बर्खिलाप हुने गरी कोही कसैले कुनै गतिविधि गरेमा प्रहरीलाई खबर गर्नसमेत स्थानीयलाई अनुरोध गरेको छ।

## गतिविधि

### मुक्तिनाथ म्युचुअल फण्ड १ लाई धितोपत्र बोर्डको स्वीकृति

काठमाडौं (कास)- मुक्तिनाथ विकास बैंक कोष प्रवर्द्धक तथा मुक्तिनाथ क्यापिटल योजना व्यवस्थापक रहेको सामूहिक लगानी कोष 'मुक्तिनाथ म्युचुअल फण्ड' अन्तर्गत सञ्चालन हुने योजना 'मुक्तिनाथ म्युचुअल फण्ड १' को इकाई जारी गर्न नेपाल धितोपत्र बोर्डले स्वीकृति दिएको छ।

मुक्तिनाथ विकास बैंक योजना व्यवस्थापक, डिपोजिटरी र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्य गर्न आफ्नै सहायक कम्पनी मुक्तिनाथ क्यापिटललाई नियुक्ति गरिसकेको छ। यो योजना विकास बैंकले प्रर्वद्धन गरेको नेपालको पहिलो सामुहिक लगानी कोष रहेको छ।

नेपाल धितोपत्र बोर्डबाट कात्तिक ७ गते प्रतिइकाई अंकित मूल्य १० रुपैयाँका दरको १० करोड इकाईले हुन आउने कुल एक अर्ब रकम बराबरको निष्काशन गर्नका लागि स्वीकृति दिएको हो। कुल योजनाको आकारमध्ये १५ करोड रकम बराबरको मुक्तिनाथ विकास बैंक तथा मुक्तिनाथ क्यापिटलले खरिद गर्नेछ। बाँकी रहेको ८५ करोड रकम बराबरको ८ करोड ५० लाख इकाई मात्र सार्वजनिक निष्काशन गरिनेछ।

१० वर्षको अवधि रहेको उक्त योजना बन्दमुखी योजना रहेको छ। इकाईधनीबाट संकलित रकम प्रचलित कानुन अनुसार नेपाल धितोपत्र बोर्डमा दर्ता भएका सूचिकृत धितोपत्र, निक्षेप, नेपाल सरकारले जारी गरेका वा नियन्त्रणमा रहेको कुनै संस्थाले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य उपकरणमा लगानी गर्ने योजना व्यवस्थापकले उल्लेख गरेको छ। योजना व्यवस्थापकले आफ्ना इकाईधनीलाई दक्ष लगानी सेवाद्वारा उचित प्रतिफल दिनुका साथै व्यवस्थापकको हैसियतबाट सामुहिक लगानी कोष बजारको दिगो विकासमा सघाउ पुऱ्याउने उद्देश्यले योजना सञ्चालन गर्न लागिएको हो।

### स्विच अन रिटेलको नयाँ शोरुम




काठमाडौं (कास)- घरायसी इलेक्ट्रोनिक्स सामान र मोबाइल फोनको अग्रणी बिक्रेता स्विच अन रिटेलले पाँचौं शोरुमको उद्घाटन गरेको छ।

वीरगन्जको माईस्थान चोकमा सो शोरुमको वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंह र स्विच अन रिटेलका प्रबन्ध निर्देशक सीमा गोल्छाले उद्घाटन गरेका हुन्।

बिगत पाँच वर्षदेखि स्विच अनले मोबाइल फोन, टिभी, रेफ्रिजरेटर, वाशिङ मेसिन, एयर कन्डिसनर र अन्य घरायसी विद्युतीय उपकरण बिक्री वितरण गर्दै आएको छ। शोरुमले ग्राहकको सुविधाका लागि किस्ताबन्दी सुविधा र एक्सचेन्ज कार्यक्रम पनि प्रदान गर्ने जनाएको छ। स्विच अन रिटेलले हाल काठमाडौं उपत्यकामा नक्साल, न्युरोड, र भक्तपुर गट्ठाघर गरी तीन शोरुम र उपत्यका बाहिर नेपालगञ्जसमेत गरी चार शोरुम सञ्चालन गरीरहेको छ।

### फोन पोइन्टसँग इसेवाको सम्झौता




काठमाडौं (कास)- एकीकृत लोयल्टी म्यानेजमेन्ट प्लेटफर्म फोनपोइन्ट्स र ईसेवाबीच सम्झौता भएको छ।

यस सम्झौताले लोयल्टी प्वाइन्ट्स प्रयोग गरी प्रयोगकर्ताले विभिन्न अफर अवलोकन गर्दै ती अफर संकलन र उपभोग गर्ने प्रक्रिया सरल बनाउने भएको छ। प्रयोगकर्तालाई एकीकृत र फाइदाजनक अनुभूति प्रदान गर्न नियमित रूपमा ईसेवामा दिइने लोयल्टी प्वाइन्ट्सलाई एकीकृत गर्ने विकल्प दिइएको कम्पनीले जनाएको छ। फोनपोइन्ट्सको सुरुवातसँगै कम्पनीले प्रयोगकर्तालाई लोयल्टी अभियानप्रति अझ बढी आकर्षित गर्न खोजेको कम्पनीको भनाइ छ।

फोनपोइन्ट्सका सीईओ सागर पौडेलले यो प्लेटफर्ममा नयाँ प्रयोगकर्तालाई जोडिनका निम्ति सजिलो र सहज प्रक्रिया प्रदान गरिएको छ। यो प्रक्रिया सिधै फोनपोइन्ट्स एपबाट पनि गर्न मिल्ने भएका कारण प्रयोगकर्ताले सेवा प्राप्त गर्न सक्ने उनको भनाइ छ।

प्रयोगकर्ताले फोनपोइन्ट्स वा पार्टनर एपमार्फत आफूले कमाएको फोनपोइन्ट्सको विवरण हेर्न, विभिन्न अफर अवलोकन गर्दै फोनपोइन्ट्स प्रयोग गरी आफूले चाहेको अफर प्राप्त गर्न सक्नेछन्।

प्रयोगकर्ताले आफ्नो संलग्नता रहेको विभिन्न वित्तीय कारोबारबाट आर्जन गरेको प्वाइन्ट्सलाई एकै ठाउँबाट सजिलै हेर्न र आफ्नो इच्छाअनुसार व्यवस्थापन गर्दै आकर्षक अफरको उपभोग गर्ने अवसर फोनपोइन्ट्सले प्रदान गर्ने जनाएको छ।

### समुदायको विकासमा एनसेलले करिब दुई करोड योगदान गर्ने




काठमाडौं (कास)- स्थानीय स्तरमा सामाजिक पहललाई प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता अनुरुप एनसेल फाउन्डेसनले सामाजिक विकासका कार्यहरु गर्नका लागि आवेदन खुला गरेको छ।

एनसेलको १९औं वार्षिकोत्सवको अवसरमा घोषणा गरिएको 'नाइन्टिन फर नाइन्टिन' पहल अन्तर्गत, समुदायमा अर्थपूर्ण र दिगो प्रभाव पार्ने परियोजना कार्यन्वयन गर्न फाउन्डेसनले योग्य संस्थालाई अनुदानको आह्वान गरेको हो। गत वर्ष १८औं वार्षिकोत्सवको अवसरमा सुरु गरिएको 'एटिन फर एटिन' कार्यक्रम अन्तर्गतका परियोजना प्रदेशस्तरमा सञ्चालनमा छन्। यस वर्षको 'नाइन्टिन फर नाइन्टिन' अनुदानले एनसेल फाउन्डेसन स्थानीय समुदायलाई सशक्त बनाउन केन्द्रीत हुने जनाएको छ। यस पहलअन्तर्गत स्वास्थ्य, शिक्षा, वातावरण, विपद् तयारी तथा प्रतिकार्य, जीविकोपार्जन सहयोगलगायतका क्षेत्रमा परियोजना लागु गर्ने एनसेलले जनाएको छ।

सो पहलअन्तर्गत सात प्रदेशमा १९ वटा परियोजना छानिने छन् र छनौटमा परेका प्रत्येक एक परियोजनालाई १० लाख अनुदान प्रदान गरिनेछ। यस पहलका लागि कुल योगदान एक करोड ९० लाखको हुनेछ। एनसेल फाउन्डेसनले गैर-नाफामूलक स्थानीय संघसंस्थालाई उनीहरूले कार्य गरिरहेका क्षेत्रमा रहेका चुनौती तथा समस्या समाधान गर्न अनुदान अर्थात परियोजना प्रस्ताव पेश गर्न आमन्त्रण गरेको हो। एनसेल फाउन्डेसनले स्पष्ट उद्देश्य, समुदायको सक्रिय सहभागिता, र परियोजनाको प्रभाव विस्तार हुने सम्भावना भएका परियोजना प्राथमिकतामा राखेको जनाएको छ।

### सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको ५१ लाख सहयोग



काठमाडौं (कास)- सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले प्रधानमन्त्री दैवी प्रकाप राहत तथा उद्दार कोषमा आर्थिक सहयोग गरेको छ।

बिहीबार प्रधानमन्त्री कर्यालयमा भएको कार्यक्रममा कम्पनीका अध्यक्ष सुरेशलाल श्रेष्ठले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सो रकमको चेक हस्तान्तरण गरेका हुन्।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत असोज १२ गते आएको बाढी पहिरोबाट प्रभावितहरुको सहयोगका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरेको हो।

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

**Vacancy Announcement**

***Miteri Development Bank Limited***, Miteri Development Bank Limited, one of the leading Development Banks in Koshi province, having its central office at Dharan, Sunsari invites applications from highly dynamic, pragmatic, committed, and performance-oriented Nepalese Citizen to lead the bank in the capacity of ***Chief Executive Officer (CEO)***. The CEO shall be responsible for the overall operations of the bank, including formulating and implementing effective strategic plans, providing strategic direction and leadership for the achievement of goals set by the Bank, managing the human resources and business of the bank, providing reasonable return to the stakeholders, fostering the relationship with customers, local community and other related parties and meeting the expectations of the stakeholders.

The CEO is expected to lead the bank in such way that the bank could emerge as one of the respected, resilient, customer oriented and successful financial institutions in Koshi Province.

***Qualifications & Experience:***

- The candidate must meet the criterion as outlined in the Bank and Financial Institutions Act, 2073 and Unified Directives issued by Nepal Rastra Bank.
- The candidate must possess a minimum master's degree in Management/ Banking/ Finance/ Economics/ Business Administration or Law.
- The candidate must have in-depth knowledge of banking management with experience of serving 10 years or above in the Manager or above level corporate job positions at any commercial banks or financial institutions. He/ She should have experience of managing both liabilities and assets portfolios, leading human resources and driving the banking department(s)/ institution(s) with successful track record.
- Age not exceeding 65 years as on 15th Mangsir 2081.

Only shortlisted candidates will be invited for the presentations and interview. The shortlisted candidates should prepare the strategic and business plan of the Bank for at least four years and make a presentation to the interview panel/ Board of Directors on the date, venue and time to be communicated by the Bank. Reference documents for preparing the presentation shall be sent in respective email address of the shortlisted candidates.

Interested candidates meeting the above criteria/ qualification may send their application along with resume to the below mentioned address:

***Address: Human Resource Department***
**Miteri Development Bank Nepal Limited**
**Mahendra Path, Dharan 12, Sunsari**
**Email: vacancymdbl@gmail.com**

Applications along with resume must reach in the bank on or **before 23rd Kartik, 2081 (8th November, 2024) within banking hour** or email at **vacancymdbl@gmail.com.** Only short listed candidates will be called for further selection process. The Bank reserves the right to reject any or all applications without assigning any reasons whatsoever. No telephonic queries will be entertained. Canvassing at any stage of processes will lead to automatic disqualification

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरणहरू देहाय बमोजिम रहेका छन ।**

(सार्वजनिक गरेको अवधि : आ.व. २०८१/८२ को प्रथम त्रैमास २०८१ श्रावण देखि २०८१ आश्विन मसान्त सम्म)

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | लुम्बिनी विकास बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी सञ्चालित राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंक हो। |
| २ | निकायको काम, कर्तव्य र अधिकार | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम कर्तव्य र अधिकार रहेको। |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | संस्थामा २०८१ आश्विन मसान्तमा ६२१ जना कर्मचारीहरु कार्यरत रहेका र व्यवस्थापन पदमा कार्यरत कर्मचारीहरुको विवरण यस विकास बैंकको वेवसाईटमा राखिएको छ। |
| ४ | निकायबाट प्रदान गरिने सेवा | राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकबाट प्रदान गर्न सकिने तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका सम्पुर्ण सेवाहरु। |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | विकास बैंकले २०८१ आश्विन मसान्तसम्म ८९ वटा शाखाहरु तथा १ वटा विस्तारित काउन्टर मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ। शाखाहरुको विवरण यस विकास बैंकको वेवसाइट www.lumbinibikasbank.com मा उपलब्ध छ साथै सबै शाखा प्रमुखहरुलाई सम्बन्धित शाखाको जिम्मेवार अधिकारी तोकिएको छ। |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | यस विकास बैंकले प्रदान गर्ने विभिन्न सेवाहरुको शुल्क तथा अवधिको विवरणहरु यस विकास बैंकको वेवसाइट www.lumbinibikasbank.com मा उपलब्ध छ। सेवा प्रदान गर्ने अवधि सम्बन्धमा कामको प्रकृति अनुसार फरक पर्न सक्नेछ। |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | कामको प्रकृति तथा गाम्भिर्यता समेतलाई मध्येनजर गरी बिभिन्न प्रकारका निर्णयहरु बिभिन्न तहका अधिकारीहरुबाट गर्न सकिने व्यवस्था मिलाईएकोछ। विकास बैंकको नीतिगत तहमा सञ्चालक समिति र व्यवस्थापकीय तहमा प्रमुख कार्यकारी अधिकृत अन्तिम निर्णयकर्ताको रुपमा रहनु भएको छ। |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | श्री नरेश सिंह बोहरा<br>प्रमुख कार्यकारी अधिकृत |
| ९ | सम्पादन गरेको कामको विवरण | यस विकास बैंकले राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकले सम्बन्धित ऐन र नियमानुसार गर्नुपर्ने कार्यहरु सम्पादन गर्दै आईरहेको छ। |
| १० | सूचना अधिकारी र प्रमुखको नाम तथा पद | हरि कृष्ण सुवेदी, मुख्य प्रवन्धक/सूचना अधिकारी<br>नरेश सिंह बोहरा, प्रमुख कार्यकारी अधिकृत |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित ऐन, नियम, विनियम वा निर्देशिकाहरु लगायतका सूचना/जानकारीहरु सम्बन्धित कार्यालयको वेवसाइटबाट प्राप्त गर्ने गरिएको। |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | विकास बैंकको आम्दानी, खर्च तथा अन्य सम्पूर्ण आर्थिक कारोबार सम्बन्धी वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरि सोही विवरणहरु यस विकास बैंकको आधिकारिक वेवसाईट www.lumbinibikasbank.com मा समेत अद्यावधिक गर्ने गरिएको छ। |
| १३ | तोकिए बमोजिमका अन्य विवरण | सम्बन्धित नियमनकारी निकाय तथा अन्य निकायहरुबाट आवश्यकता अनुसार माग भएको विवरणहरु नियमित रुपमा पेश गर्ने गरिएको र आवश्यक भएको अवस्थामा प्रकाशन समेत गर्ने गरिएको छ। |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | विकास बैकले मिति २०८०/०९/२६ गते १६ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। |
| १५ | सार्वजनिक निकायको वेवसाईट भए सो को बिवरण | www.lumbinibikasbank.com |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी बिवरण | नभएको। |
| १७ | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यकम र सो को प्रगति विवरण | विकास बैंकले बैंकिङ्ग कारोबार सञ्चालन गरिरहेको तथा समय समयमा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु मार्फत बिभिन्न प्रकारका सहयोगहरु प्रदान गर्दै आएको छ। |
| १८ | सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | बैंकिङ्ग कारोबार सम्बन्धी तथ्याङ्कहरु प्रचलित ऐन नियमको व्यवस्था वमोजिम संरक्षण गर्ने गरिएको छ। |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | नभएको। |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | विकास बैंकको वित्तीय विवरण वार्षिक साधारणसभा पुर्व पुस्तकको रुपमा प्रकाशित गर्ने गरिएको छ भने आर्थिक कारोबार सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरिंदै आएको छ। गत त्रैमासको वित्तीय विवरण मिति २०८१/०७/०७ गतेको अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको छ। त्यसै गरी कारोवारको क्रममा सार्वजनिक रुपमा सुसूचित गराउनुपर्ने जानकारी/सूचनाहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरी विकास बैंकको वेवसाइटमा समेत राख्ने गरिएको छ। |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं।
फोन नं. : ०१-४५१३२३२/४५१३२३४
०१-४५२१६५६/०१-४५२१६५८



जनकपुर उपमहानगरपालिका-१० स्थित जानकी चोकमा रहेको अरगाजा पोखरीमा छठको लागि गरिएको तयारी। छठ पर्वको लागि पोखरी र नदीलगायत सिँगार्न सुरु गरिएको छ। *तस्बिरः रासस*

# विश्वव्यापी साझेदारीमा नेपालले भूमिका खेल्नेछः प्रधानमन्त्री ओली

काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वमा जलवायु अनुकूलन र दिगोपनालाई प्राथमिकता दिँदै विश्वव्यापी साझेदारीसँग सहकार्य गर्न नेपाल तयार रहेको बताएका छन्।

संयुक्त राष्ट्रसंघ 'डे' को अवसरमा बिहीबार नेपाली सेनाको मुख्यालय जंगी अड्डामा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाल आफ्नो भूमिका खेल्न प्रतिबद्ध रहेको उल्लेख गरेका हुन्।



'हामी विश्वस्त छौं कि जलवायु परिवर्तनको समस्या सम्बोधन गर्न संयुक्त राष्ट्र संघको नेतृत्वले अगाडि बढ्न निरन्तर मार्गनिर्देशन गर्नेछ, जुन हामी जस्ता कमजोर राष्ट्रहरूको अस्तित्वका लागि आवश्यक छ,' प्रधानमन्त्री ओलीले भने, 'विश्वभरको यो अस्थिर र अस्पष्ट अवस्थामा नेपाल राष्ट्र संघका सिद्धान्तप्रति आफ्नो प्रतिबद्धतामा अडिग रहेको छ। हामी शान्ति, सुरक्षा, दिगो विकास र वातावरण संरक्षण प्रवर्द्धन गर्न विश्वव्यापी प्रयासलाई समर्थन गर्न जारी राख्नेछौं।'

प्रधानमन्त्री ओलीले नेपालको परराष्ट्र नीतिको एक अंगका रूपमा सधैं शान्तिपूर्ण सहअस्तित्व, सार्वभौमसत्ताका लागि पारस्परिक सम्मान र अहस्तक्षेपका सिद्धान्तहरू पालना भइरहेको अवगत गराउँदै दुई ठूला छिमेकीको बीचमा रहेको नेपालले 'सबैसँग मित्रता र छैन कसैसँग शत्रुता' को नीति कायम राख्ने स्थितिमा रहेको पनि बताए।

कार्यक्रममा प्रधानसेनापति अशोकराज सिग्देलले नेपाल सन् १९५५ मा संयुक्त राष्ट्र संघको सदस्य भएदेखि नै विश्व शान्ति स्थापनार्थ संयुक्त राष्ट्र संघका विभिन्न कार्यक्रममा सहकार्य गर्दै आएको जानकारी दिए। उनले नेपाल सरकारले संयुक्त राष्ट्र संघलाई शान्ति सैनिकमा पठाउन गरेको प्रतिबद्धता अनुसार नेपाली सेना फौज पठाउन तयार रहेको बताए।

सिग्देलले तालिम प्राप्त र दक्ष शान्ति सैनिक तैनाथ गर्न नेपाली सेना हरहमेसा कटिबद्ध रहेको उल्लेख गर्दै विश्व शान्ति स्थापनामा सहकार्य गर्ने नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको योगदानको समेत प्रशंसा गरे।

संयुक्त राष्ट्र संघीय मिसनअन्तर्गत हाल विश्वका विभिन्न ११ वटा मिसनमा नेपाली सेनाका ५ हजार ९१८, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका १४३ जना शान्ति सैनिकमा कार्यरत छन्।

# सरकारलाई उत्तरदायी बनाउन खबरदारीसभाः माओवादी केन्द्र

काठमाडौं (कास)- प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रले सरकारले एक सय दिनको अवधिमा सुशासन, भ्रष्टाचार नियन्त्रणलगायत दैनिक प्रभावकारी सेवा प्रवाह दिन नसकेको, सरकारका निकायमा 'अनावश्यक' हस्तक्षेप गरेको भन्दै खबरदारीसभा गर्न लागेको बताएको छ।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले बिहीबार पत्रकार सम्मेलन गरी सरकार जनविरोधी क्रियाकलापमा व्यस्त रहेको आरोप लगाएको छ। 'सरकारको सय दिन भ्रष्टचारीको संरक्षण र सुशासनमाथि लगातार प्रहार गरेर बितेको छ। त्यसैले राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका सवाल झनै गम्भीर र संवेदनशील भएका छन्,' उनले भने, 'जनता र देशको अधिकतम हितमा केन्द्रित हुनुपर्ने समयमा बेलगाम बनेको सरकारलाई जनउत्तरदायी बनाउन प्रतिपक्षको हैसियतले खबरदारी गर्न कात्तिक १० गते खबरदारीसभा गर्ने निर्णय गरिएको छ।'



माओवादीले सरकार गठन भएलगत्तै भुटानी शरणार्थी काण्ड र सुनकाण्डको छानबिन गरिरहेका प्रहरी अधिकारीलाई नियतवस सरुवा गरेको, त्रिभुवन विश्वविद्यालयको नीति तथा कार्यक्रम प्रधानमन्त्रीको ठाडो निर्देशनमा प्रस्तुत गर्नबाट रोकेको, २० अर्ब राजस्व तिर्न बाँकी रहेको निजी क्षेत्रको दूरसञ्चार प्रदायक कम्पनीको नवीकरण गरेको बताएको छ। 'सामान्य जनताले मासिक विद्युत् महसुल तिर्न नसक्दा तुरुन्तै लाइन काटिने तर करोडौंको विद्युत् महसुल नदिने उद्योगको बिजुली लाइन जोड्न प्रधानमन्त्रीबाटै ठाडो आदेश दिने, प्राधिकरणको नेतृत्व सम्हालेर नेपाल राज्यभर विद्युतीकरण गर्दै विदेशमा बिजुली बेच्ने अवस्थामा पुऱ्याउने नेतृत्व फेर्ने षड्यन्त्र गर्ने, सहकारी ठगीमा संसदीय छानबिन समितिको प्रतिवेदन कार्यान्वयनमा दोहोरो मापदण्ड लागू गर्ने र भ्रष्टाचारमा मुछिएका आफ्ना नेता संरक्षण गर्ने तर विपक्षीलाई खोजीखोजी दण्डित गर्ने कार्यमा सरकार खुल्ला रुपमा लागेको छ,' माओवादीले भनेको छ, 'सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब पुगेको छ। यो सरकारले पछिल्लो ३ महिनामा मात्रै १ खर्ब ४ अर्ब सार्वजनिक ऋण थुपारेको छ।'

माओवादीले सरकारले लिएको आन्तरिक ऋण उत्पादनमूलक क्षेत्रमा लगाउन नसकेको र अघिल्लो सरकारका बजेटमा उल्लेखित दीर्घकालीन प्रभाव पार्ने कतिपय कार्यक्रम प्रतिशोधका आधारमा रोकिएका जनाएको छ। 'यी सय दिनमा यो सिलसिला कहाँसम्म पुग्यो भने विशेष अदालतबाट ललिता निवास जग्गा प्रकरणमा दोषी ठहर भएको र प्रधानमन्त्री मातहत रहेको सम्पत्ति शुद्धीकरण विभागले छानबिन गरिरहेको व्यापारीबाट प्रधानमन्त्रीकै दलको भवन बनाउन अर्बौंको जग्गा सम्पूर्ण मूल्यमान्यता लत्याएर कानुनको उपहास गर्दै चन्दा लिइएको छ,' माओवादीको भनाइ छ, 'यस सम्बन्धमा २०८१ कात्तिक ५ गते ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले विज्ञप्ति प्रकाशित गरी गम्भीर ध्यानाकर्षण भएको छ भन्दै प्रतिवादीसँगको यस्तो लेनदेनका कारण स्वार्थको द्वन्द्व हुन गई सुशासनमा गम्भीर असर पर्ने र भ्रष्टाचारको पक्षपोषण हुने कुरा उल्लेख गरेको छ।'

गत असोज ११ र १२ गतको वर्षाका कारण ठूलो धनजनको क्षति भएर जनता विपत्तिको भुमरीमा परेपनि सरकार नदेखिएको माओवादीको आरोप छ। 'प्रधानमन्त्रीले अमेरिकाबाट फर्केर विमानस्थलमा अत्यन्तै असंवेदनशील र गैरजिम्मेवार अभिव्यक्ति दिँदै जनताको चहऱ्याइरहेको घाउमा नुनचुक छर्कने काम गरे,' माओवादीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो अवस्थामा जिम्मेवार प्रतिपक्षको हैसियतले सरकारलाई खबरदारी गर्नुपर्ने आवश्यकता महसुस गर्दै हामीले खबरदारीसभा आयोजना गरेका हौं।'

# लामिछाने र जोशीलाई थप ७ दिन हिरासतमा राख्न अदालतको अनुमति

पोखरा (कास)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत कास्कीले अनुमति दिएको छ।

सहकारीको रकम अपचलन गरेको आरोपमा पक्राउ परेका लामिछानेलाई जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले थप सात दिन प्रहरी हिरासतमा राखेर अनुसन्धान गर्न बिहीबार अनुमति दिएको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले बताए। कात्तिक २ गते पक्राउ परेका लामिछालाई यसअघि ६ दिनको म्याद थप गरी अनुसन्धान जारी रहेको छ। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था पोखराको सहकारी ठगी तथा संगठित अपराध सम्बन्धी मुद्दाका सम्बन्धमा लामिछानेलाई शुक्रबार काठमाडौंबाट पक्राउ गरी पोखरा ल्याइएको थियो।

त्यसैगरी सहकारीको रकम अपचलनकै आरोपमा गत असोज ६ गते पक्राउ परेका पूर्व प्रहरी नायब महानिरीक्षक छविलाल जोशीलाई समेत थप सात दिन हिरासतमा राखी अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ। उनीहरुलाई जिल्ला अदालत कास्कीमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक बसन्तकुमार शर्माले बताए।

म्याद थप गर्न रवि र जोशीलाई बिहीबार अदालत लगिएको थियो। गत शुक्रबार रवि पक्राउ परेकै दिन पूर्व डीआईजी छविलालको गत असोज १७ गतेबाट लागू हुने गरी २० दिनको म्याद थप भएको थियो।

जिल्ला प्रहरी कार्यालय कास्कीमा सूर्यदर्शन सहकारीको रकम गोर्खा मिडियामार्फत अपचलन गरेको भन्दै गोर्खा मिडिया प्रालिका पूर्व प्रबन्ध निर्देशक र लामिछाने, सञ्चालक जोशीसहित १८ व्यक्ति र संस्थाविरुद्ध किटानी जाहेरी परेको थियो। यही प्रकरणमा गोर्खा मिडिया प्रालिका तत्कालीन अध्यक्ष जीबी राई भने अझै फरार छन्।

### लामिछानेसहित १२ जनालाई पक्राउ गर्न रुपन्देही अदालतको अनुमति

काठमाडौं (कास)- रुपन्देही जिल्ला अदालतले बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा रास्वपा सभापति रवि लामिछानेसहित १२ जनालाई संगठित अपराधमा पक्राउ गर्न अनुमति दिएको छ।

न्यायाधीश श्यामप्रसाद श्रेष्ठको इजलासले बिहीबार उनीहरूलाई पक्राउ गर्ने अनुमति दिएको हो। पोखरा प्रहरी हिरासतमा रहेका लामिछाने र जोशीलाई थप अनुसन्धानका लागि कास्की जिल्ला अदालतले बिहीबार नै सात दिनको म्याद दिएको छ।

बुटवलको सुप्रिम सहकारीको रकम गैरकानुनी रूपमा गोर्खा मिडिया नेटवर्कमा लगिएको विषयमा नेटवर्कका उपाध्यक्ष जोशीसँग दुई दिन बयान लिएर पोखरा पठाइएको छ भने लामिछाने पनि अहिले पोखरा नै छन्।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन सम्बन्धमा अनुसन्धानका क्रममा पोखरा प्रहरी हिरासतमा रहेका जोशीलाई बुटवलको सुप्रिम सहकारीको रकम अपचलन सम्बन्धमा अनुसन्धान गर्न प्रहरीले सोमबार बुटवल लगेको थियो।

बुटवलको सुप्रिम सहकारीबाट जोशीका नाममा दुई करोड ५० लाख रुपैयाँ गएको देखिएको छ। त्यस्तै, गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक एवं रास्वपा सभापति लामिछानेका नाममा दुई करोड रकम गएको अनुसन्धानमा देखिएको छ। अदालतको पक्राउ अनुमतिसँगै लामिछानेलाई रुपन्देही ल्याएर अनुसन्धान गरिने भएको छ।

# तिहारलाई पाला बत्ती बनाउन भ्याइनभ्याई

**मनोरञ्जन शर्मा**

भैरहवा- तिहार सुरु हुन अब केही दिनमात्रै बाँकी छ। तिहारलाई उज्यालो पर्वको रुपमा लिइने हुँदा दिपावली पनि भन्ने गरिन्छ। तिहारमा माटोको पाला बत्ती बाल्ने पुरानो चलन अझै पनि कायमै छ।

यद्पी माटोको पालामा तेल बत्ति बाल्ने प्रचलनलाई आधुनिकतासँगै आएको विद्युतीय बत्तिले केही रुपमा प्रभाव पारे पनि पालामा बत्ती बाल्ने चलन जीवितै छ। अन्य समय भन्दा तिहारका समयमा अत्यधिक बिक्री हुने पाला बनाउने जातिलाई अहिले भ्याइनभ्याई छ।

रूपन्देहीको रोहिणी गाउँपालिका-३ धकधईका करिब ३० कोहार जातिका परिवारलाई अहिले तिहारमा बत्ती बाल्ने पाला बनाउने हतारो छ। बाबु बाजेको पालादेखि बनाउँदै आएको माटोको पाला बनाउनेलगायत अन्य सामग्री बनाउने उनीहरू अहिले पाला बनाउन व्यस्त छन्।



४५ वर्षीय बैजनाथ कोहारको यस वर्षको तिहारमा साना ठूला गरी ५० हजार पाला बिक्री गर्ने लक्ष्य छ। उनी भन्छन्, 'अन्य समय भन्दा हाम अहिले बढी व्यस्त छौं, दुई महिना देखिनै लागेका छौं।'

उनका ३ पुस्ता देखिको यो पेशलाई उनले पनि निरन्तरता दिँदै आएका छन्। २०५५ सालदेखि उनले निरन्तर माटोको पालालगायतका अन्य सामग्री बनाउँदै आएका छन्। सामान बनाएर बिक्री गर्न त्यति गाह्रो नभएको उनको भनाइ छ। 'पहिला पोखरासम्म पालालगायतका सामान जान्थ्यो, अहिले भैरहवा बुटवल, मणिग्राम, परासीलगायतबाट व्यापारी आएर लैजान्छन्' बैजनाथले भने, 'मेहनत बढी छ, कमाई कम छ, यही पाला बनाएर जिविकोपार्जन भएको छ।' तर पेशा बचाउन र निरन्तरताका लागि सरकारबाट अहिलेसम्म कुनै सहयोग नभएको दुखेसो उनको छ।

सोही गाउँका मनोहरप्रसाद कोहारले पाला बनाई बिक्री गर्न लागेको २५ वर्ष भयो। उनलाई सानो पाला सय कडा ५ रुपैयाँ र ठूलो पाला २५ पैसाप्रति गोटामा बिक्री गरेको स्मरण छ। अहिले सानो पाला ३० रुपैयाँ दर्जन र ठूलो पालाको मूल्य १० रुपैयाँ गोटा पुगेको छ। अहिले उनलाई तिहारका लागि पाला बनाउन भ्याइ नभ्याई छ। बनाएका पालालगायतका सामान खरीद गर्न घरमै व्यवसायी आउँछन्, भैरहवाबुटवल सहित पोखरा, पाल्पासम्म आफूले बनाएको माटोको पाला लगायतका सामान पुग्ने उनको भनाइ छ।

तिहारको समयमा पहिला जस्तो पाला बिक्री नहुने उनको भनाइ छ। 'पालामा बत्ती बाल्ने प्रचलन अझै कायमै छ' उनले भने। यो पेशाबाट मनोहरको परिवारको गुजारा चलेको छ।

यस पटकको तिहारमा ८० हजार रुपैयाँ भन्दा बढीको पाला बिक्री गर्ने उनको लक्ष्य छ। उनले यो पेशा अघि बढाउन स्थानीय तहबाट कुनै सहयोग, तालिम प्राप्त नहुँदा नयाँ पुस्तामा पेशा हस्तान्तरणमा समस्या रहेको बताए।

सोही गाउँका मोहन कोहारले ६ वर्षदेखि पाला बनाई बिक्री गर्दै आएका छन्। यो पेशाले ४ जनाको परिवार पाल्दै आएका मोहनले माटो, दाउरालगायत नपाइने समस्या रहेको बताए। तिहारमा अत्यधिक बिक्री हुने पाला बनाउन उनी अहिले व्यस्त छन्। परासी, बुटवल, भैरहवा, खैरेनी र स्थानीय बजारमा पालाको माग रहेको उनको भनाइ छ। रूपन्देहीको धकधईमा यो परम्परागत पेशा गर्दै आएका करिब ३० परिवार रहेका छन्। परम्परागत पेशा संरक्षण गर्ने स्थानीय सरकारको भने कुनै योजना देखिएन्।

पालालगायतका माटाका अन्य सामान बनाउन प्रयोग हुने माटो एक ट्र्लीको ३ हजार रुपैयाँसम्म पर्दछ भने दाउरा पनि अभाव छ। माटोका पालालगायतका अन्य सामान बनाउने पेशामा आश्रित उनीहरुले आफूहरुलाई बजार भन्दा पनि माटोको बस्तु बनाउने परम्परागत चक्कीको साटो विद्युतीय मोटर र माटोमा अनुदान र तालिम प्रदान गरे यो पेशा सुरक्षित हुने र पुस्तामा हस्तान्तरण गर्न सकिने रामकृष्ण कोहार बताउँछन्।

# पार्टी विभाजनसम्बन्धी अध्यादेश आवश्यक छैनः डा. कोइराला

विराटनगर (कास)- नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले पार्टी विभाजनसम्बन्धी अध्यादेश अहिले ल्याउन आवश्यक नभएको बताएका छन्।

विराटनगरस्थित कोइराला निवासमा बिहीबार प्रेस युनियन मोरङले आयोजित पत्रकार सम्मेलनम नेता कोइरालाले झन्डै दुईतिहाइको सरकारले अरु साना दल विभाजन गर्ने गरी अध्यादेश ल्याउनु उचित नभएको जिकिर गरे। 'पटक-पटक सरकार हेरफेर हुने र पार्टी फुट्ने जुटने परिस्थितिका कारण मुलुकमा राजनीतिक अस्थिरता भएकाले स्थायित्वका लागि यो सरकार गठन भएका हो,' उनले भने, 'अब फेरि अध्यादेश ल्याएर राजनीतिक अस्थिरता पुनः कायम गर्न हुँदैन।' सरकारले मुख्य काममा ध्यान दिनुपर्ने उनको भनाइ छ। सरकारमा बस्नेहरू रेमिट्यान्स बढेको बढेकै छ भनेर खुसी भएको भन्दै उनले यो खुसी हुनुपर्ने विषय नभएको बताए। ब्याजदर घटेको र बैंकमा पैसा थुप्रिएको बेला ऋण लिन व्यवसायी किन जाँदैनन् भन्ने विषयमा सोच्नुपर्ने उनको भनाइ छ।

जुवातासले गर्छ सर्वनाश
जुवातासको लतले,
➢ पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
➢ सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
➢ सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
➢ सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
➢ पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
➢ सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
➢ सामाजिक प्रतिष्ठामा आँच आउछ,
त्यसैले सम्पति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

टीबीआई पब्लिकेसन्स प्रा. लि., ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं, नेपाल। द. नं. ५६/०६६/०६७। फोन : ०१-४७९५०००, फ्याक्स : ०१-४७९५६६५, पोस्ट बक्स नं. १०४०७। इमेल : editor@karobardaily.com। मुद्रक : एक्सप्रेस कलर प्रेस कं. प्रालि बुद्धनगर, कामनपा। गो.हु.का.द.नं. २/०८०/०८१। अध्यक्ष : भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक : शिशीर भट्ट। सम्पादक : बालकृष्ण ज्ञवाली
TBI Publications Pvt. Ltd., 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu, Nepal | Regd. 56/066/067 | Tel. : +97714795000, Fax: +97714795665 | P.O. Box: 10407 | Printed at : Express Colour Press | Chairman: Bhaban Bhatta | Managing Director/ Managing Editor: Shisheer Bhatta | Editor: Balkrishna Gnawali